# मेरो नेपाली कक्षा चार र सजिलो नेपाली माला कक्षा चार बीचको तुलनात्मक अध्ययन

शोधकर्ता
कमला खनाल
परीक्षा सङ्केताङ्कः ३११००४०
त्रि.वि.दर्ता नं: ६-२-५२-२४१-२००१

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय
रेसुङ्गा बहुमुखी क्याम्पस शिक्षा विभाग
स्नातकोत्तर तह(शिक्षा)दोस्रो वर्षको
नेपा.शि (५९८) को प्रयोजनको
लागि प्रस्तुत

शोधपत्र

रेसुङ्गा बहुमुखी क्याम्पस
तम्घास, गुल्मी - २०७१।०२।१६

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तरगत स्नातकोत्तर तह पूरा गर्ने सन्दर्भमा दसौं पत्रको प्रयोजनका लागि (नेपा.शि ५९८) का लागि यो शोधपत्र तयार पारिएको हो । पाठ्यक्रम विकास केन्द्रद्वारा स्वीकृत प्रदान गरिएको र अनिवार्यरूपमा सरकारी विद्यालयको कक्षा चारमा पठनपाठन हुने मेरो नेपाली कक्षा चार र पाठ्यक्रम विकास केन्द्रद्वारा स्वीकृत प्रदान भएको र ऐच्छिकरूपमा संस्थागत विद्यालयमा पढाइ हुने सजिलो नेपाली माला चार बीचको तुलनात्मक अध्ययन गरिएको छ । यी दुवै पाठ्यपुस्तकमा भएका कमी कमजोरी केलाई सकारात्मक र नकारात्मक पक्षलाई छुट्याउने प्रयाश गर्नुका साथै दुवै पाठ्यसामग्री पाठ्यक्रमअनुरूप छन् वा छैनन् भन्ने कुरालाई विशेष महत्व दिई अध्ययन र सरोकारवालाहरूलाई सहयोग पुर्याउने छ भन्ने अपेक्षा गर्दछु ।

प्रस्तुतशोधपत्र मैले आदरणीय गुरू श्री भुवनप्रसाद अर्यालज्यूको कुशल निर्देशनमा तयार पारेकी छु । उहाँको यो सहयोग र उहााप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधप्रस्ताव, शीर्षक चयन, प्रस्तावना लेखनदेखि यहाँसम्म ल्याइपुर्याउन हरेक किसिमबाट सहयोग गर्नुहुने साथै यो शोधपत्र लेखनमा हौसला प्रदान गर्नुहुने विभागीय प्रमुख श्री शशि पन्थीज्यू, साथै क्याम्पस प्रमुख श्री चन्द्रकान्त पन्थीज्यू, एवम् विविध रूपबाट सक्रियताकासाथ सहयोग गर्नुहुने सम्पूर्ण माननीय गुरुज्यूहरूप्रति हार्दिक आभार प्रकट गर्दछु त्यस्तै यो शोधपत्र तयार गर्दा उपयोग गरिएका सन्दर्भ सामग्रीका लेखकहरूप्रति पनि आभार ब्यक्त गर्दछु ।

मलाइ सदैव अध्ययनका लागि हौसला प्रदान गर्नुहुने र अध्ययनका क्रममा सम्पूर्ण वातावरण मिलाइ सहयोग गर्नुहुने मेरो परिवारप्रति म सदैव कृतज्ञ रहनेछु । त्यसैगरी शोधपत्र तयार गर्दा सहयोग पुर्याउने मेरा सम्पूर्ण साथीहरूलाई धन्यवाद दिन चाहन्छु । अन्त्यमा शोधपत्र टङ्कन गरी सहयोग गर्नुहुने कृष्ण पाण्डेलाई पनि धन्यवाद दिन चाहन्छु ।

## शोधसार

शोधशीर्षक : मेरो नेपालीकक्षा चार र सजिलो नेपालीमाला चार बीचको अध्ययन

शोधार्थी : कमला खनाल

शोधनिर्देशक: : भुवनप्रसाद अर्याल

विभाग/प्रमुख : अनुसन्धान विभाग, रेसुङ्गाबहुमुखीक्याम्पस

शैक्षिकवर्ष : २०६८/२०६९

पृष्ठ संङ्ख्या : ५३

परिच्छेद : पाँच

## शोधप्रक्रिया

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, एम.एड दोस्रो वर्ष नेपाली शिक्षण ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो । सरकारी विद्यालयले कार्यान्वयन गरेको मेरो नेपाली कक्षा चार र निजी विद्यालयमा पढाइ हुने सजिलो नेपाली माला चार बीचको तुलनात्मक अध्ययनमा व्याकरणीय ब्यवस्था, शब्दभण्डार, चित्र, वाक्य संरचना, स्तरीयता आदिको भिन्नता पत्ता लगाउनु प्रमुख उद्देश्य रहेको छ। साथै पाठ्यक्रम अनुरूपताको विश्लेषण गर्नु तथा निष्कर्ष र सुझाव दिनुमा नै शोधपत्र केन्द्रित रहेको छ।

यस शोधकार्यका लागि सामग्री सङ्कलन गर्ने क्रममा पुस्तकालयीय बिधि अपनाइएको छ । वर्णनात्मक तथा विश्लेषणात्मक पद्धतिका माध्यमबाट समस्याको समाधान गरिएको छ । प्राथमिक स्रोतको रूपमा वि.सं २०५२ मा भरत नेपाली प्याकुरेलद्वारा लेखिएको, दिवाकर ढुङ्गेलद्वारा सम्पादन गरिएको र पछि केहि लेखकहरूद्वारा परिमार्जन गरिएको मेरो नेपाली कक्षा चार र डा. हेमाङ्गराज अधिकारी, लालानाथ सुवेदी, बद्रीविशाल भट्टराई र हरिप्रसाद पराजुलीद्वारा लिखित सजिलो नेपाली माला चारलाई लिइएको छ । द्वितीय स्रोतकोरूपमा तुलनात्मक अध्ययन भएका शोधपत्रहरू तथा सम्बन्धित पाठ्यक्रमहरू र विभिन्न पुस्तकहरू प्रयोग गरिएको छ । यस शोधकार्यलाई पाँच परिच्छेदमा संगठित गरिएको छ पहिलो परिच्छेदमा शोधपरिचय अन्तरगत

शोधशीर्षक, शोधप्रयोजन, शोधसमस्या, शोधका उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधको क्षेत्र र सीमा, शोधविधि, सामग्री सङ्कलनविधि र शोधपत्रको रूपरेखा रहेका छन् ।

परिच्छेद दुईमा पाठ्यपुस्तकको सैद्धान्तिक अवधारणाअन्तरगत भाषा पाठ्यपुस्तकको परिचय, पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध, भाषा पाठ्यपुस्तकका अध्ययन विश्लेषणका आधारहरूको सैद्धान्तिकरूपमा ब्याख्या गरिएको छ । भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषणका आधारभित्र आन्तरिक वा शैक्षिकपक्षअन्तरगत (विषयवस्तु, विधा प्रस्तुती, भाषिक संरचना र शैली, नमुना अभ्यास, चित्र, भूमिकानिर्देशन) र बााह्य वा भौतिकपक्षअन्तरगत (वनोट, आकार, छपाइ, कागजको स्तर, बँधाइ र मूल्य) को चर्चा गरिएको छ ।

परिच्छेद तीनमा पाठ्यसामग्रीका अध्ययन विश्लेषणका आधारहरू आन्तरिक वा शैक्षिक पक्ष र बााह्य वा भौतिक पक्षहरूको सैद्धान्तिक अवधारणाअनुरूप दुवै पाठ्यपुस्तक मेरो नेपाली कक्षा चार र सजिलो नेपाली माला चारको अध्ययन विश्लेषण गर्ने काम भएको छ ।

परिच्छेद चारमा दुवै पाठ्यसामग्री मेरो नेपाली कक्षा चार र सजिलो नेपाली माला चारको तुलना गर्न सजिलोका लागि दुई उपशीर्षक (उद्देश्य र विधागत पाठ, क्षेत्र क्रम र पाठहरू) मा बाँडेर अध्ययन गरिएको छ । पहिलो पाठ्यक्रमका आधारमा मेरो नेपाली कक्षा चार र सजिलो नेपाली माला चारको तुलना गरिएको छ भने पछि दुई पाठ्यसामग्रीलाई तुलना गरिएको छ ।

त्यस्तै परिच्छेद पाँचमा निष्कर्ष समेटिएको छ । निष्कर्ष अन्तरगत दुवै पाठ्यसामग्री पाठ्यक्रमअनुरूप रहेका, पाठगत विधाहरू त्यति नमिलेको, सुनाइ, बोलाइ र पढाइलाई भन्दा लेखाइमा बढी विशेष जोड दिएको त्यसैमा पनि सजिलो नेपालीमा बोलाइ र सुनाइलाई अभ्यास खण्डमा केही मात्रमा जोड दिएको पाइन्छ । चित्र अभ्यास मेरो नेपालीको तुलनामा सजिलो नेपालीमा कम राखिएको छ । शब्दभण्डार पनि दुवैमा पाठ्यक्रमको अपेक्षा अनुरूप पूरा हुन नसक्नुका साथै वाक्य संरचना पनि उपयुक्त नभएको र मेरो नेपालीको भन्दा सजिलो नेपालीको मूल्य केही बढी रहेको देखिन्छ । त्यसैगरी पाठ्यक्रमअनुरूप विधासङ्ख्या मिलाउनुपर्ने, शब्दकोश प्रयोग सम्बन्धी अभ्यास थप गर्नुपर्ने, व्याकरणात्मक अभ्यास सजिलो नेपालीको तुलनामा मेरो नेपालीमा प्रत्यक्षरूपमा राख्नुपर्ने, वाक्य संरचना मिलाउनुपर्ने र पाठ्यपुस्तकको कागज स्तरीय हुनुपर्ने जस्ता सुझावहरू समेटिएको छ ।

# विषयसूची


| शीर्षक | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | क |
| स्वीकृतिपत्र | ख |
| कृतज्ञता ज्ञापन | ग |
| शोधसार | घ |
| विषयसूची | च |

## परिच्छेद - एक
## शोधपरिचय

| | |
|---|---|
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधप्रयोजन | १ |
| १.३ शोधसमस्या | १ |
| १.४ शोधका उद्देश्यहरू | २ |
| १.५ पूर्वकार्यको समीक्षा | २ |
| १.६ शोधको औचित्य | ४ |
| १.७ शोधको क्षेत्र र सीमा | ५ |
| १.८ शोधविधि | ५ |
| १.९ सामग्री सङ्कलनविधि | ५ |
| १.१० शोधप्रस्तावको रूपरेखा | ५ |

# परिच्छेद -दुई

## भाषा पाठ्यपुस्तकको सैद्धान्तिक अवधारणा


| | |
|---|---|
| २.१ भाषा पाठ्यपुस्तकको परिचय | ७ |
| २.२ पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध | ७ |
| २.३ भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारहरू | ८ |
| २.३.१ आन्तरिक वा शैक्षिक पक्ष | ९ |
| २.३.१.१ विषयवस्तु | ९ |
| २.३.१.२ विधा वा प्रस्तुती | ९ |
| २.३.१.३ भाषिक संरचना र शैली | १० |
| २.३.१.४ नमुना अभ्यास | १० |
| २.३.१.५ चित्र | ११ |
| २.३.२ बाह्य वा भौतिक पक्ष | १२ |
| २.३.२.१ आवरण/वनोट | १२ |
| २.३.२.२ आकार | १२ |
| २.३.२.३ छपाइ | १२ |
| २.३.२.४ कागजको स्तर | १२ |
| २.३.२.५ बँधाइ | १३ |
| २.३.२.६ मूल्य /सुलभता | १३ |
| २.४ निष्कर्ष | १३ |

## परिच्छेद -तीन

## पाठ्यसामग्रीको अध्ययन एवम् विश्लेषण

३.१ परिचय एवम् पृष्ठभूमि १५

३.१.१ मेरो नेपाली किताबको आन्तरिक पक्ष १५

३.१.२ मेरो नेपाली किताबको बाह्य पक्ष १९

३.२ सजिलो नेपाली माला चार २०

३.२.१ सजिलो नेपाली माला चारको आन्तरिक पक्ष २१

३.२.२ सजिलो नेपाली माला चारको बाह्य पक्ष २६

३.३ निष्कर्ष २७

## परिच्छेद - चार

४.१ मेरो नेपाली कक्षा चार र सजिलो नेपाली माला चारको तुलनात्मक अध्ययन २८

४.१.१ उद्देश्य र विधागत पाठहरू २८

४.१.१.१ भाषिक सीप २९

४.१.१.२ भाषिक सीप विकासका क्षेत्र ३२

४.१.१.३ शब्दभण्डार ३५

४.१.१.४ वाक्यमा शब्द सङ्ख्या ३५

४.२ क्षेत्र तथा क्रम र पाठहरू ३५

४.३ कक्षा चारको नेपाली पाठ्यक्रमका आधारमा सजिलो नेपाली माला चार ३६

४.३.१ उद्देश्य र पाठहरू ३७

४.३.१.१ भाषिक सीप ३७

४.३.१. भाषिक सीप विकासका क्षेत्रहरू ३८

४.३.१.३ शब्दभण्डार ३९

४.३.१.४ वाक्यमा शब्द सङ्ख्या ३९

४.३.२.२ क्षेत्र तथा क्रम र पाठहरू विधासहित ३९

४.४ भाषा पाठ्यपुस्तक अध्ययन र विश्लेषणका आधारमा सामग्रीहरू ४०

४.४.१ क आन्तरिक वा शैक्षिक पक्ष ४०

४.४.२ बाह्य वा भौतिक पक्ष ४६

४.५ निष्कर्ष ४७

## परिच्छेद- पाँच

## उपसंहार

५.१ निष्कर्ष ४८

५.२ सुझावहरू ५०

## सन्दर्भग्रन्थसूची

# परिच्छेद-एक

## शोधपरिचय

### १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **कक्षा चारका मेरो नेपाली र सजिलो नेपाली माला कक्षा चारको तुलनात्मक अध्ययन** रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तावित शोधपत्र स्नातकोत्तर तह द्वितीय वर्षको पाँचौं पत्र कोड नं ५९८ को नेपाली विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको छ ।

### १.३ शोधसमस्या

सामान्यतया भाषा मानवीय वस्तु हो । सबैका आ-आफ्ना भाषा हुन्छन् । तापनि पठनपाठनका क्रममा पाठ्यक्रमले नेपाली भाषालाई प्राथमिक तहदेखि स्नातक तहसम्म १०० पूर्णाङ्कलाई अनिवार्य बनाएको छ । विद्यालय तहदेखि क्याम्पस तहसम्म सबै कक्षाहरूमा नेपाली भाषालाई अध्ययन अध्यापन गराइन्छ । वर्तमान परिप्रेक्षमा सबैलाई आ-आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हकका बाबजुद पनि नेपाली भाषा समाबेश गरिने हुनाले पूर्व प्राथमिक, प्राथमिक र माध्यमिक तहसम्म नेपाली भाषाको छुट्टै वर्चश्व रहेको छ । निजी स्तरबाट सञ्चालित विद्यालयमा धेरैजसो अंग्रेजी माध्यमबाट अध्यापन गराइए पनि नेपाली भाषा विषयसमेत अनिवार्य छ ।

नेपाली भाषा दैनिक प्रयोगको भाषा भएता पनि यस विषयमा निजी क्षेत्रका विद्यार्थीहरू कमजोर देखिन्छन् । सोही पाठ्यक्रमकै नेपाली अध्ययन गर्ने सरकारी विद्यालयका विद्यार्थीहरू नेपाली भाषा विषयमा बढी सक्षम देखिएका छन् । यसका कारणहरूको खोजी गरी निराकरण गर्नु उपयुक्त हुन्छ । त्यसै कारणका खोजिका लागि यहाँ कक्षा चारको नेपाली विषयलाई तुलनात्मक अध्ययन गर्ने प्रयाश गरिएको छ । नेपाली भाषा शिक्षणका क्रममा मेरो नेपाली कक्षा चार सामुदायिक र सजिलो नेपाली कक्षा चार निजी विद्यालयमा अध्यापन गराइन्छ । यस शोधप्रस्तावमा तुलनात्मक अध्ययनका निम्नलिखित समस्याहरू रहेका छन् :-

क मेरो नेपाली कक्षा चार र सजिलो नेपाली कक्षा चार पाठ्यक्रमअनुसार निर्माण भएका छन् की छैनन् ? चित्रहरू, शब्दभण्डारको व्यवस्थापनमा एकरूपता र स्तरीयताको निर्धारण कसरी गरिएको छ ?

ख दुवै पाठ्यपुस्तकको बनोट पक्षको समानता, विषयगत समानता, असमानताहरू, के कस्ता छन् ?

ग दुवै पाठ्यपुस्तकका के कस्ता सबल र दुर्बल पक्षहरू छन् ?

## १.४ शोधका उद्देश्यहरू

प्रस्तावित शोध समस्याका बुँधाहरुमा केन्द्रित हुँदै निम्न बुँधाहरूमा आधारित भई पूर्णता दिने कार्य भएको छ :-

क मेरो नेपाली कक्षा चार र सजिलो नेपाली कक्षा चारको पाठ्यक्रमको तुलनात्मक अध्ययन गर्नु,

ख दुवै पाठ्यपुस्तकको बनोट पक्षको समानता, बिषयगत समानता, असमानताहरू, चित्रहरू, शब्दभण्डार वा व्यवस्थापनमा एकरूपता र स्तरीयताको निर्धारण गर्नु,

ग दुवै पाठ्यपुस्तकका सबलता र दुर्बलता केलाई उपयुक्त सुझाव दिनु,

## १.५ पूर्वकार्यको समीक्षा

शोधकार्य गर्नुपूर्व आफूभन्दा पहिले सम्बन्धित क्षेत्रमा के-कस्ता अध्ययन अनुसन्धान भएका छन् भनी समीक्षा गर्नु आवश्यक हुन्छ र प्राप्त निष्कर्षका आधारमा अगाडि बढाउन सकिन्छ । नेपालमा शिक्षाशास्त्रमा स्नातकोत्तर तह सञ्चालन भएदेखि नै शोधसम्बन्धी नयाँ नयाँ कार्यहरू भइरहेका छन् । नेपाली भाषा राष्ट्रभाषाको माध्यम भाषा भएकोले तहगत एवम् कक्षागत पाठ्यक्रम र पाठ्यपुस्तकका तुलनात्मक अध्ययन भएको पाइन्छ ।

नेत्रप्रसाद पौडेलले, (२०५५), **कक्षा ६ को हाम्रो नेपाली किताब र सरल नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन,** महेन्द्ररत्न क्याम्पस, ताहाचल, गरिएको छ । यस तुलनात्मक अध्ययनमा सरकारी विद्यालयमा पढाइ हुने विषयवस्तुको सान्दर्भिकता र अभ्यासहरूको स्थिति, पाठ्यक्रमले निर्धारण गरेको लक्ष्य उद्देश्य आदि विषयमा केन्द्रित रहेर तुलना गरिएको छ ।

यस शोधपत्रमा विधागत र कक्षागत स्तर अनुरूप पाठ्यपुस्तकको निर्माण गरिए नगरिएको र पाठ्यक्रम अनुरूप कुनचाहिं बढी उपयुक्त छ भन्ने निष्कर्ष निकालिएको छ ।

प्रकाश घिमिरेले, (२०५६), **हाम्रो नेपाली किताब कक्षा ८ र सजिलो माला ८ को तुलनात्मक अध्ययन,** शीर्षकमा शोधकार्य गरेका छन् । यस शोधपत्रमा भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र विधागत आधारमा पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गरिएको छ ।

शर्बराज आचार्यले (२०५७), **कक्षा १ र २ का सजिलो नेपाली माला र नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन,** शीर्षकमा शोधकार्य कार्य गरेका छन् । यस तुलनात्मक अध्ययनमा दुवै पाठ्यपुस्तक स्तरगत हिसावले के-कस्तो प्रकृतिका छन्, पाठहरूमा अभ्यास, शब्दार्थ, चित्रहरूको स्थान के-कस्तो छ, भाषिक व्याकरणिक त्रुटि छ छैन भन्ने पक्षमा केन्द्रित भएर तुलनात्मक अध्ययन गरी सोही अनुरूपको निष्कर्ष निकालिएको छ ।

नारायणप्रसाद पौडेलले, (२०५९), **कक्षा २ का मेरो नेपाली किताब र सरल नेपाली श्रृङ्खला २ को तुलनात्मक अध्ययन,** शीर्षकमा शोधकार्य गरेका छन् । प्रस्तुत शोधपत्रमा दुवै पाठ्यपुस्तक स्तरीयताका आधारमा निर्माण भएका छन् ,छैनन्, पाठ्यपुस्तकको निर्माणले समसामयिकतामा ध्यान दिएको छ छैन, दुवै पाठ्यपुस्तकमा विधाहरूको सन्तुलन कायम गरिएको छ छैन सो बारेमा तुलनात्मक अध्ययन गरेर त्यसै अनुरूपको निष्कर्ष निकालिएको छ ।

टीकाराम सुवेदीले, (२०५९), **कक्षा ५ को मेरो नेपाली र सजिलो नेपाली माला ५ को तुलनात्मक अध्ययन,** शीर्षकमा शोधकार्य गरेका छन् । यस तुलनात्मक अध्ययनमा कक्षा ५ को प्रस्तुत विषयको पाठ्यसामाग्रीको निरन्तरतालाई स्तरीयताका आधारमा पाठ्यसामग्रीको बीचको तुलना र दुई पाठ्यपुस्तक बीचमा शब्दभण्डार व्यवस्थामा एकरूपता र स्तर अनुकूल भए नभएको तुलना गरिएको छ ।

१ आचार्य शर्वराजको कक्षा १ र २ का सजिलो नेपाली माला र नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन स्नातकोत्तर तह द्वितीय वर्षको शोधपत्रको लागि गरिएको छ ।

२ त्यसैगरी पौडेल नारायणप्रसादको कक्षा २ को मेरो नेपाली किताब र सरल नेपाली श्रृङ्खला २ को तुलनात्मक अध्ययन स्नातकोत्तरको शोधपत्रको लागि नै गरिएको छ ।

३ त्यस्तै सुवेदी टीकाराममले कक्षा ५ को मेरो नेपाली र सजिलो नेपाली माला ५ को तुलनात्मक अध्ययन , पौडेल नेत्रप्रसादले कक्षा ६ को हाम्रो नेपाली किताब र सरल नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन र घिमिरे प्रकाशले हाम्रो नेपाली किताब कक्षा ८

र  र सजिलो नेपाली माला ८ को तुलनात्मक अध्ययनमा नै स्नातकोत्तर द्वितीय वर्षको शोधपत्र पूरा गरिएको छ ।

माथि उल्लेखित शोधकर्ताहरूको तुलनात्मक अध्ययन दुई पाठ्यपुस्तक बीचमा केन्द्रित देखिन्छ । शोधकर्ताहरूले ती समान कक्षाका पाठ्यपुस्तकहरूमा समावेश भएका एकपक्षीय विषयमा मात्र केन्द्रित रहेर तुलनात्मक अध्ययन गरेको देखिन्छ । तर प्रस्तुत शोधपत्र निम्न कुराको विश्लेषणमा केन्द्रित देखिन्छ :-

१  दुवै पाठ्यपुस्तकको कक्षागत स्तर मिलेको छ की छैन,

२  विधाहरूको प्रयोग के कस्तो प्रकृतिको छ ,

३  समग्रमा कुन पाठ्यपुस्तकमा शब्दभण्डारको प्रयोग बढी छ,

४  दुवै पाठ्यपुस्तकको निर्माण पाठ्यक्रममा आबद्ध छ छैन,

५  शब्दभण्डारको एकरूपता र स्तर अनुकूल छ छैन,

६  दुवैको संरचना कस्तो छ,

७  चित्रहरूको प्रयोग कुन पाठ्यपुस्तकमा बढी छ,

८  दुवै पाठ्यपुस्तकमा भाषिक, व्याकरणिक, वर्णबिन्यासीय त्रुटि छ छैन आदि विभिन्न विषयमा केन्द्रित रहेर कक्षा चारका मेरो नेपाली किताब र सजिलो नेपाली बीच तुलनात्मक अध्ययन शीर्षकमा केन्द्रित रहेर अध्ययन गरी यसैअनुसार निष्कर्ष निकाल्न यो शोधप्रस्ताब तयार पार्न लागिएको छ ।

## १.६ शोधको औचित्य

शिक्षा नीति तथा शैक्षिक उद्देश्य राष्ट्रिय आवश्यकता विद्यार्थीको स्तर अनुकूल तथा समयानुकूल तयार पारिएको हुन्छ । त्यस्तै तहगत एवम् बालमनोविज्ञानअनुरूप पाठ्यक्रम निर्माण भएको हुन्छ । पाठ्यपुस्तक सन्दर्भ सामग्रीहरू पनि पाठ्यक्रमको भावना एवम् विषयको प्रकृतिअनुरूप तयार पारिएका हुन्छन् ।

नेपालका सन्दर्भमा पनि कक्षा चार प्राथमिक तहको उपल्लो स्तर भएकोले यसले प्राथमिक तहको तहगत उद्देश्यलाई पनि पूरा गर्न सक्नुपर्छ । कक्षा चारको पाठ्यक्रमले तोकेका उद्देश्यहरू परिपूर्ति गराउने सन्दर्भमा शिक्षासम्बन्धी आयोगका सुझाव , शिक्षक तथा अभिभावक लगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति, सम्मिलित गोष्ठी,

अन्तरक्रिया र परीक्षणका निष्कर्षबाट परिमार्जन गरिएको प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ अनुसार यस पाठ्यपुस्तकको विकास एवम् परिमार्जन गर्ने कार्य भएको छ ।

वि.सं २०५२ मा भरत नेपाली प्याकुरेलले लेख्नुभएको तथा दिवाकर ढुङ्गेलले सम्पादन गर्नुभएको पाठ्यपुस्तकलाई प्रा.डा.केदारप्रसाद शर्मा, द्रोण दाहाल, गणेशप्रसाद भट्टराई, विष्णुप्रसाद अधिकारी, विष्णुप्रसाद घिमिरे र शोभाकर दवाडीद्वारा लेखन परिमार्जन तथा सम्पादन गराई यसरूपमा तयार गरिएको पाठ्यपुस्तक परिमार्जित सँस्करण २०६५ र निर्धारित पाठ्यक्रमकै आधारमा लेखिएको सजिलो नेपाली माला चार डा. हेमाङ्गराज अधिकारी, प्राध्यापक लालानाथ सुवेदी, सहप्राध्यापक बद्रीविशाल भट्टराई, उपप्राध्यापक हरिप्रसाद पराजुलीद्वारा लिखित र सम्पादित, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) द्वारा प्रकाशित पाठ्यपुस्तकका सबल र दुर्बल पक्ष केलाई तुलना गरी पाठ्यपुस्तकको स्तरण मिले नमिलेको पत्ता लगाउनु , पाठ्यपुस्तक सबल भए नभएको पत्ता लगाई पाठ्यपुस्तक निर्माण, प्रकाशन तथा प्रयोग गर्ने ब्यक्ति, संस्था तथा सम्बद्ध सबैका लागि सुझाव प्रदान गरी सहयोग पुर्‍याउनु यस शोधपत्रको औचित्य रहेको छ ।

## १.७ शोधको क्षेत्र र सीमा

प्रस्तुत शोधप्रस्तावको क्षेत्र र सीमा देहायबमोजिम सीाीमित रहेको छ : -

क प्रस्तुत अध्ययन सार्वजनिक विद्यालय कक्षा चारमा शिक्षण गरिने मेरो नेपाली र निजी विद्यालयमा शिक्षण गरिने सजिलो नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन र विश्लेषणमा सीमित रहेको छ ।

ख प्रस्तुत अध्ययन असल भाषा पाठ्यपुस्तकमा हुनुपर्ने आवश्यक गुणहरूको आधारमा गरिने अध्ययन विश्लेषण, बनोट, बुनोट, विषयवस्तु, संरचना, स्तरण, शब्दभण्डार आदिमा सीमित रहेको छ ।

ग प्रस्तुत अध्ययनमा यी दुई सामग्रीका सबल र दुर्बल पक्षहरू केलाई सुझाब प्रस्तुत गरिएको छ ।

घ प्रस्तुत शोधप्रस्ताबको अध्ययन क्षेत्र पुस्तकालयलाई आधार मानिएको छ ।

## १.८ शोधविधि

प्रस्तावित शोधपत्र तयार गर्ने क्रममा आगमन, निगमन दुवै विधिको अबलम्बन गरिएको छ । यस क्रममा वर्णनात्मक तथा विश्लेषणात्मक पद्धतिका माध्यमबाट समस्या

समाधान गरिएको छ । खोज, अनुसन्धान तथा पुस्तकालयीय विधिलाई समेत अबलम्बन गरिएको छ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तावित शोधपत्र तयार गर्ने क्रममा आबश्यक तथ्यहरू मुख्यतः पुस्तकालयीय पद्धतिका आधारमा संकलन गरिएको छ । यसका अतिरिक्त भाषा पाठ्यपुस्तक र भाषा पाठ्यक्रम, पत्रपत्रिकामा प्रकाशित अनुसन्धानात्मक लेख, रचना, सम्बन्धित शिक्षकहरू र सहकर्मी साथीहरूको अन्तरक्रिया, छलफल आदिलाई समेत सामग्री सङ्कलनको आधार मानिएको छ ।

## १.१० शोधप्रस्तावको रुपरेखा

प्रस्तावित शोधपत्रको सम्भावित रूपरेखा निम्न अनुसार रहेको छ :-

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : पाठ्यपुस्तकको सैद्धान्तिक अवधारणा

परिच्छेद तीन : पाठ्यसामग्रीको अध्ययन एवम् विश्लेषण

परिच्छेद चार : मेरो नेपाली कक्षा चार र सजिलो नेपाली माला चारको तुलनात्मक अध्ययन ।

परिच्छेद पाँच : उपसंहार

सन्दर्भ स्रोत सामग्री

# परिच्छेद -दुई

## भाषा पाठ्यपुस्तकको सैद्धान्तिक अवधारणा

### २.१ भाषा पाठ्यपुस्तकको परिचय

शिक्षाको राष्ट्रिय उद्देश्य निर्धारण गरिसकेपछि ती उद्देश्य प्राप्ति गर्नका लागि गरिने क्रियाकलाप पाठ्यक्रमबाट नै निर्देशित हुन्छन् । पाठ्यक्रमद्वारा नै शिक्षाका लक्ष्य तथा उद्देश्य हाशिल गर्न सकिन्छ । पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य र विषयवस्तु अनुसार नै पाठ्यपुस्तक तयार पारिन्छ । सम्बन्धित विषयको शैक्षिक उद्देश्य पूरा गर्न खास विषयको पाठ्यक्रम अनुसार पाठ्यपुस्तकको निर्माण गरिएको हुन्छ ।

भाषा पाठ्यपुस्तक र अन्य पाठ्यपुस्तक बीच भिन्नता हुन्छ । भाषा पाठ्यक्रमका उद्देश्यहरू परिपूर्तिका लागि नै भाषा पाठ्यपुस्तकको निर्माण र प्रयोग गरिएको हुन्छ । भाषा पाठ्यपुस्तक भाषाकै सम्बन्धित पक्षसँग नजिक हुन्छ भाषा पाठ्यपुस्तकमा भाषा साधन र साध्य दुवै हुन्छ भने अन्य पाठ्यपुस्तकमा भाषा साधन मात्र हुन्छ । यसभित्र कुन उद्देश्यले कुन विषय वा विधाको कति भाग कति समयभित्र कसरी सिकाउन सकिन्छ आदि जस्ता सबै कुराको मनन गरी स्तर, आवश्यकता, औचित्य, विद्यार्थीको तह, उमेर आदि अनुकूल सुहाउदो र बुझिँदो ढङ्गबाट भाषा पाठ्यपुस्तकको निर्माण गरिएको हुन्छ । (प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम नेपा.शि ५२३) भाषा शिक्षण वा भाषा सिकाइमा भाषाका चारओटा सीपलाइ प्रमुख स्थान दिइएको हुन्छ भाषा पाठ्यपुस्तक कुनै खास विषयमा लेखिने सम्बन्धित विषयका शैक्षिक उद्देश्यहरू पूरा गर्न तयार गरिने हुँदा यसलाई सम्बन्धित विषयमा लेखिएको स्तरयुक्त एवम् प्रमाणिक पुस्तक पनि भन्न सकिन्छ (शैक्षणिक विधि कक्षा ११) ।

भाषा पाठयपुस्तकभित्र दुई आधार उपस्थित हुन्छन् :- आन्तरिक र बाह्य । आन्तरिक आधारलाई शैक्षिक पक्ष र भौतिक आधारलाई बाह्य पक्ष भनिन्छ । बाह्य पक्ष अन्तरगत जस्तै आवरण पृष्ठ, आकार, कागजको स्तर, बँधाइ, मूल्य आदि पर्दछन् । आन्तरिक पक्ष अन्तरगत विषयवस्तु, विधा, शैली, अभ्यास, चित्र, अक्षर, आदि पर्दछन् । असल पाठ्यपुस्तकको निर्माणका लागि पाठ्यक्रमका उद्देश्यलाई अनुशरण गर्नुपर्दछ । हाम्रो मुलुकको परिवेशमा हेर्दा पाठ्यपुस्तक नै शिक्षण सिकाइको आधार भएकोले यसको निर्माण र लेखन गर्दा विविध कुरामा विचार पुर्‍याउनु पर्दछ ।

## २.२ पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध

कुनै पनि तहका कक्षाका विद्यार्थीको रूचि, क्षमता, उनीहरूको सिकाइ पृष्ठभूमि लगायत अन्य मनोवैज्ञानिक पक्षलाई आधार मानेर निर्माण गरिएको योजनाबद्ध शैक्षिक

कार्यक्रम पाठ्यक्रम हो र सोही पाठ्यक्रमको उद्देश्य हाशिल गराउने साधन नै पाठ्यपुस्तक हो । निर्धारित सिकाइ उपलब्धिहरू प्राप्तिका लागि विद्यार्थीलाई विभिन्न अनुभवहरू हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो र सोही पाठ्यक्रमले तोकेका उद्देश्यहरू पूरा गराउने माध्यम नै पाठ्यपुस्तक हो । पाठ्यक्रमको निर्देशनविना तयार पारिएको पाठ्यपुस्तकले शिक्षाका उद्देश्य हासिल गराउन सक्दैन । त्यस्तै पाठ्यपुस्तकविनाको पाठ्यक्रम निर्माण कोरा सिद्धान्त मात्र ठहर्छ (प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम नेपा.शि ५२३) ।

यस आधारमा हेर्दा पाठ्यपुस्तक पाठ्यक्रमका सिद्धान्त र दर्शनलाई व्यवहारिक उपयोगमा ल्याउने भूमि हो भन्न सकिन्छ । पाठ्यक्रम सूत्रात्मक किसिमको हुन्छ भने पाठ्यपुस्तक ब्याख्यात्मक किसिमको हुन्छ । पाठ्यक्रमको विस्तृतीकरण पाठ्यपुस्तक हो भने पाठ्यपुस्तकको मार्गदर्शन पाठ्यक्रम हो । त्यसैले यी दुवैका बीचमा अन्योन्याश्रित सम्बन्ध रहन्छ (पाठ्यक्रम र मूल्याङ्कन बी.एड दोस्रो वर्ष) ।

पाठ्यक्रम र पाठ्यपुस्तकका निर्माणकर्ताले विद्यार्थीको मनोविज्ञानलाई बुझेरमात्र पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माण गर्नुपर्दछ । यी दुई एक अर्काका परिपूरक भएर आउनुपर्दछ । “कुनै विषयका सिद्धान्तहरूमा शिक्षण प्रदान गर्ने , खासगरी आंशिक वा पूर्ण पाठ्यांशमा आधारित पुस्तक नै पाठ्यपुस्तक हो ” (शर्मा र पौडेल, २०६० : ३४१) ।

## २.३ भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारहरू

पाठ्यक्रमको उद्देश्य परिपूर्ति गर्नका लागि पाठ्यक्रमकै भावना र मर्म बमोजिम पाठ्यपुस्तकको निर्माण गरिएको हुन्छ । अन्य विकासशिल राष्ट्रका तुलनामा हाम्रो जस्तो विकाशोन्मुख राष्ट्रका लागि शिक्षण सिकाइ क्रियाकलापको प्रमुख माध्यम नै पाठ्यपुस्तकलाई मानिन्छ । शिक्षाका विषयगतदेखि नै राष्ट्रिय उद्देश्य हासिल गर्ने र गराउने प्रमुख साधन र स्रोत पाठ्यपुस्तक नै रहिआएको छ । त्यसैले अहिले सरकारी र निजी स्तरबाट प्रकाशित पाठ्यपुस्तक समयसापेक्ष छन् की छैनन् वा बालमनोवैज्ञानिक अनुसार छन् की छैनन् स्तर अनुकूल छन् की छैनन् भनेर अध्ययन विश्लेषण गर्नु जरूरी रहेको छ । विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूलाई अनौपचारिक ढङ्गले पढाउने पुस्तक नै पाठ्यपुस्तक हो (पोखरेल र अन्य, २०६०: ८१०) ।

भाषा पाठ्यपुस्तकको अध्ययन र विश्लेषण मुख्यतः दुई आधारमा गर्ने गरिन्छ : आन्तरिक र बाह्य । आन्तरिक पक्षभित्र शैक्षिक पक्ष पर्दछ भने बाह्य पक्षभित्र भौतिक पक्ष पर्दछ । आन्तरिक पक्ष वा शैक्षिक पक्षभित्र पाठ्यपुस्तकभित्रको विषयवस्तु, विधा तथा उपविधा, भाषिक संरचना र शैली, चित्र, नमुना अभ्यास आदि पर्दछन् । बाह्य वा भौतिक पक्ष अन्तरगत पृष्ठ, आकार, छपाइ, कागज, बँधाइ, मूल्य आदि पर्दछन् । यी दुवैको संक्षिप्त विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

## २.३.१ आन्तरिक वा शैक्षिक पक्ष

पाठ्यपुस्तक निर्माण गर्नका लागि भौतिक वा बाह्य पक्ष जत्तिको आवश्यक पर्दछ आन्तरिक पक्ष पनि उत्तिकै आवश्यक पर्दछ । कुनै पनि पाठ्यपुस्तकलाई जीवित बनाउने नै पाठ्यपुस्तकको आन्तरिक वा शैक्षिक पक्ष हो । यसरी पाठ्यपुस्तकका आन्तरिक पक्ष अन्तरगत निम्न कुराहरू समावेश गरिन्छ : विषयवस्तु, विधा वा प्रस्तुती, भाषिक संरचना र शैली, नमुना अभ्यास, चित्र आदि ।

### २.३.१.१ विषयवस्तु

विषयवस्तु भाषा पाठ्यपुस्तकमा साधन हुन्छ र त्यस साधनको उपयोगद्वारा विकसित गर्न सकिने भाषिक सीप, सोच र समझलाई पाठ्यवस्तु भन्न सकिन्छ । कुनै पनि विषयको पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य परिपूर्ति गर्ने खालका विषय वा सो क्षेत्रसँग सम्बन्धित विषयवस्तुहरूको छनोट पाठ्यपुस्तकमा हुनुपर्छ । ती विषयवस्तुहरू बालमनोविज्ञानअनुसार र स्तरअनुसार अनि बालबालिकाको क्षमताले भ्याउने खालको हुनुपर्दछ । अनुशासन, नैतिकता, इमान्दार, सामाजिकता आदि कुराहरू सिकाउने खालको र साँस्कृतिक, सामाजिक, भौगोलिक र लैङ्गिक समानताका दृष्टिले उपयुक्त हुनुपर्दछ । तहगत र स्तरगत आधारमा विषयवस्तु छनौट गर्नु उपयुक्त मानिन्छ । छनोट भएका विषयवस्तुलाई उपयुक्त स्तरण गरी प्रस्तुत गरिएका खण्डमा सहज ढङ्गले प्राप्त गर्न सकिन्छ भाषा शिक्षणको प्रकृति र प्रयोजनअनुसार विषयवस्तुलाई शिक्षणका सिद्धान्त प्रतिकूल नहुने गरी प्रस्तुत गरिएको हुनुपर्छ ।

सोहीअनुसार कक्षा चारको मेरो नेपाली र सजिलो नेपालीको विश्लेषण गर्दा दुवैमा विषयवस्तु चार कक्षाका विद्यार्थीहरूका लागि सान्दर्भिक नै देखिन्छ । मेरो नेपाली पुस्तकमा २१ ओटा पाठहरू समावेश गरिएको छ भने सजिलो नेपालीमा २४ ओटा पाठहरू समावेश गरिएको छ । सवै विधाहरूको विषयवस्तुलाई नियाल्दा विषयवस्तु विद्यार्थीलाई अनुशासन, नैतिकता, सामाजिकता, इमान्दार आदि कुराहरू सिकाउने

खालको रहेको छ । तहगत दृष्टिकोणले हेर्दा दुवै पुस्तकमा रहेको विषयवस्तु व्यवहारिक हुनुका साथै उपयुक्त नै देखिन्छ (दुवै पुस्तकको तुलनात्मक अध्ययन) ।

## २.३.१.२ विधा वा प्रस्तुती

भाषाका चारैसीप विकासका लागि भाषा पाठ्यपुस्तकमा विधागत विविधता हुनु आवश्यक देखिन्छ । कुनै एउटा सीप सिकाउन सवै विधाहरू उत्तिकै उपयोगी नहुन सक्छन् । विद्यार्थीका इच्छा, आकांक्षा, उमेर, अवस्थाअनुसार विद्यार्थीलाई वढी मन पर्ने र नपर्ने गरी फरक फरक हुन सक्छन् । प्रत्येक विधाका आ-आफ्ना प्रकारका भाषा, शैली, संरचना, शब्दभण्डारगत विशेषता हुन सक्छन् । त्यसैले विधा छनोट गर्दा विद्यार्थीका हरेक पक्षसँग मेल खान सक्ने खालका हुनुपर्छ । विधाहरूको प्रस्तुत पनि मूर्तदेखि अमूर्त, सरलदेखि जटिलतर्फ गएको र विषयवस्तु सुहाउदो एवम् आकर्षक हुनुपर्छ ।

यसरी कक्षा चारको मेरो नेपाली र सजिलो नेपालीमा विधाहरूको चयन उपयुक्त देखिन्छ । शुरूमा कविता विधा राखिएको छ त्यसपछि क्रमशः अन्य विधाहरू राखिएको छ दुवै नेपालीका विधागत सङ्ख्याबीच तुलना गर्दा कविता विधा दुवैमा पाँच पाँच ओटा राखिएको छ । दुवै पुस्तकमा रहेका केही कविता विद्यार्थीको स्तरअनुरूप मेल खाने खालका र रोमाञ्चक नै रहेका छन् भने केही अलि जटिल प्रकृतिका रहेका छन् ।त्यसैगरी कथा विधा पनि मेरो नेपालीको तुलनामा सजिलो नेपालीमा दुईओटा बढी राखिएको छ । अन्य विधाहरू पनि मेरो नेपालीका तुलनामा बढी रहेका छन् भने चिठीमध्ये मेरो नेपालीमा ब्यक्तिगत र कार्यालयीय गरी दुईओटा रहेका छन् भने सजिलो नेपालीमा निवेदन नराखी ब्यक्तिगत चिठीमात्र राखिएको छ ।

यसरी तुलनात्मक दृष्टिकोणले हेर्दा विधाहरू कुनै स्तर अनुरूप स्वभाविक किसिमका रहेका छन् भने कुनै जटिल र असहज किसिमका रहेका छन् ।

## २.३.१.३ भाषिक संरचना र शैली

भाषा पाठ्यपुस्तकमा भाषा नै साधन र साध्य दुवै भएकोले भाषिक सीप सिकाइमा विशेष ध्यान दिनु पर्दछ । भाषा सरल, सहज विद्यार्थीको स्तर र क्षमताअनुरूप एवम् सरलबाट जटिलतर्फ गएको हुनुपर्दछ । शब्दभण्डार पनि बालकको स्तर अनुरूप संरचित र नियन्त्रित हुनुका साथै शब्दभण्डारको बृद्धि कक्षाको तहअनुरूप नै गर्दै जानुपर्ने हुन्छ । कार्यमूलक व्याकरण पद्धति अवलम्वन गरी शिक्षण गरिनु उपयुक्त हुने भएकोले यस कुरामा पनि ख्याल गर्नुपर्दछ ।

यसरी मेरो नेपाली र सजिलो नेपाली किताबमा रहेको भाषिक पक्षलाई केलाउदा कतिपय कुराहरू सहज र स्वभाविक किसिमका रहेका छन् भने कुनै असहज, जटिल र अमूर्त किसिमका रहेका छन् जस्तै जुठेल्नो, निर्भय, कठाङ्ग्रिने, (सजिलो नेपाली माला चार) र स्ट्रेचर, उपद्रब, सुनबड्कौली, (मेरो नेपाली कक्षा चार ) आदि । त्यसैगरी इद, क्रिसमस, ल्होसार (मेरो नेपाली चार) जस्ता शब्दले विभिन्न जातिको धर्म सँस्कृतिलाई झल्काउने काम गरेका छन् ।

## २.३.१.४ नमुना अभ्यास

भाषा पाठ्यपुस्तकको अर्को विशेषता नमुना अभ्यास पनि हो । नमुना अभ्यासद्वारा नै विद्यार्थीको मूल्याङ्कन गरिने हुनाले यस्तो अभ्यास भाषाका चारओटै सीपको विकास हुनेखालको हुनुपर्दछ । विभिन्न विधाअनुसार नै अभ्यास निर्माणमा ध्यान दिनुपर्दछ जस्तै कथा र निबन्ध विधामा लयवोध र भाववोध उचित हुदैन भने कविता विधामा पठनवोध र मौनपठनलाई उचित मानिदैन । त्यसैले विधाअनुसार वा सबै विधालाई मिल्नेगरी सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकास हुनेगरी नमुना अभ्यासको छनोट गरिनुपर्दछ । अभ्यासहरू विद्यार्थीको स्तरअनुरूप रूचिपूर्ण, सीपपरक एवम् सृजनात्मक हुनुपर्दछ ।

प्रस्तुत कक्षा चारका मेरो नेपाली र सजिलो नेपालीमा रहेका अभ्यासमा केही भिन्नता रहेको छ । जस्तै मेरो नेपालीमा शब्द र अर्थलाई जोडा मिलाउने क्रममा दिई अभ्यासमै समावेश गरिएको छ भने सजिलो नेपालीमा शब्दको अर्थ भनी शुरूमै समावेश गरिएको छ । शब्द र अर्थको जोडा मिलाउन नदिई पर्यायवाची शब्द सिधै राखिएको छ । अन्य अभ्यासहरू मिल्दोजुल्दो नै रहेका छन् । अभ्यास विधागत विविधताअनुसार उपयुक्त नै रहेका देखिन्छन् ।

## २.३.१.५ चित्र

कुनै पनि पाठ्यवस्तुलाई रूचिपूर्ण र आकर्षक बनाउन चित्रको महत्वपूर्ण भूमिका रहन्छ । चित्र प्रदर्शन गरी वा पाठमा प्रयुक्त चित्रहरूको ब्याख्या विश्लेषण गरी शिक्षण सिकाइ क्रियाकलाप गर्दा शिक्षण चिरस्थायी र प्रभावकारी हुन्छ त्यसैले पाठ्यपुस्तकमा पाठ्यवस्तु अनुरूपको चित्र राखिनु आवश्यक हुन्छ ।

यसैगरी कक्षा चारका मेरो नेपाली र सजिलो नेपालीमा पनि चित्रको प्रयोग उचित किसिमले नै गरिएको छ । दुवैमा पाठको प्रकृतिअनुरूप चित्र प्रस्तुत गरिएको छ ।

पाठ्यवस्तुभित्र माथिका आन्तरिक विशेषतावाहेक अन्य गुणहरु पनि हुन्छन् जसलाई निम्न अनुसार देखाइन्छ :-

### अ छनोट

पाठ्यपुस्तकमा राखिने विधाहरू वा विषयवस्तुहरू विद्यार्थीको स्तर, रूचि, मनोविज्ञानअनुरूप छनोट गर्नुपर्दछ। अन्यथा पाठ्यवस्तुको कुनै औचित्य रहदैन।

### आ स्तरण

छनोट भइसकेका विषयवस्तुलाई जथाभावी ढङ्गले पाठ्यपुस्तकमा राखिनु हुदैन । छनोटमा परेका विषयवस्तुलाई क्रम मिलाई सरलबाट जटिल, मूर्तबाट अमूर्त आदि कुरामा ध्यान दिई विषयको प्रकृति र संरचनाअनुरूप पाठ्यपुस्तकको स्तरण गरिनुपर्दछ।

### इ भूमिका निर्देशन

पाठ्यपुस्तक लेखेर मात्र हुदैन त्यसमा लेखकहरूले आफ्ना पुस्तकका बारेमा राखेको धारणालाई पनि हेर्नुपर्दछ । पुस्तकमा शिक्षकलाई विभिन्न निर्देशनहरू दिएको हुनुपर्छ । विषयसूचि पनि पुस्तकको आदि भाग अन्तरगत पर्ने हुन्छ । यी कुरा पाठ्यपुस्तकमा समावेश भए नभएको थाहा पाउन पनि अध्ययन विश्लेषण गर्नु आवश्यक हुन्छ। यसरी कक्षा ४ का पाठ्यपुस्तकभित्र पाठ्यवस्तुहरूको सही छनोट, स्तरण र भूमिका निर्देशनलाई पनि प्राथमिकता दिई पाठ्यपुस्तक निर्माण गरिनुपर्दछ। कक्षा चारका नेपाली किताब मेरो नेपाली र सजिलो नेपालीमा पनि माथिका तीन कुरालाई ख्याल गरी मिलाइएको छ।

## २.३.२ बाह्य वा भौतिक पक्ष

पाठ्यपुस्तकमा आन्तरिक गुण वा विशेषता भएर मात्र पुग्दैन । त्यसमा बाह्य गुणहरू पनि हुनु अत्यन्तै आवश्यक छ। बाह्य गुणहरू जस्तै आवरण, आकार, छपाइ, कागजको स्तर, बँधाइ, मूल्य /सुलभता आदि कुरामा ख्याल गर्नुपर्दछ । जसलाई निम्न अनुसार चर्चा गर्न सकिन्छ :-

### २.३.२.१ आवरण/वनोट

आवरण वा वनोट भन्नाले आकर्षक आवरण र आकार प्रकारलाई बुझाउछ । पाठ्यपुस्तकको आवरण पृष्ठ बाक्लो र वलियो कागजले निर्माण गरिनुका साथै झट्ट हेर्दा

विद्यार्थीलाई रूचि लाग्नेखालको र आकर्षक गर्नेखालको आकर्षित, रङ्गिन र कलात्मक हुनु जरूरी हुन्छ ।

### २.३.२.२ आकार

पाठ्यपुस्तकको आकार प्रकारको कुरा गर्दा यो पनि विद्यार्थीको स्तरअनुरूप सुहाउदो किसिमको हुनुपर्दछ । भद्दा र असुहाउदो किसिमको हुनुहुदैन । बालबालिकाले सजिलैसँग उचाल्ने र यताउति लैजान सक्नेखालको हुनुपर्दछ ।

### २.३.२.३ छपाइ

छपाइ अन्तरगत किनारा छोडाइ, शीर्षक, उपशीर्षक, अभ्यास आदिमा उपयुक्त अक्षरहरूको आकारप्रकार र ठाडो छोडाइका कुराहरू पर्दछन् । कक्षा चार, पाँचमा सामान्यतया १६ प्वाइन्ट सम्मको अक्षर उपयुक्त मानिन्छ । यसमा प्रयोग गरिने मसी पनि उपयुक्त र आकर्षक किसिमको नै हुनुपर्दछ ।

### २.३.२.४ कागजको स्तर

पाठ्यपुस्तकमा प्रयोग गरिने कागजमा पनि विशेष ध्यान पुर्‍याउनुपर्दछ । विशेषगरी कागज मसिनो, चिल्लो, राम्रो, सेतो र बाक्लो खालको हुनुपर्दछ । प्राथमिक तहका लागि प्रयोग गरिने पाठ्यपुस्तकका कागज अन्य तहको भन्दा बढी टिकाउ र मजबुदखालको हुनुपर्दछ । विद्यार्थीको स्तरअनुरूप जतनमा त्यति ध्यान पुर्‍याउन नसक्ने हुनाले कागजमा स्तरीयता हुनु जरूरी हुन्छ ।

### २.३.२.५ बँधाइ

प्राथमिक तहका लागि प्रयोग हुने पुस्तकको बँधाइ बैज्ञानिक र मजबुद हुनु जरूरी छ । कागज खलबलिने र उक्किने गरी कमजोर किसिमले बँधाइ र सिलाइ गर्नुहुदैन । राम्रोसँग सिलाइएको र फेविकोलले राम्रोसँग चिप्काइएको हुनुपर्छ ।

### २.३.२.६ मूल्य / सुलभता

पाठ्यपुस्तकको मूल्य निर्धारण गर्दा सबैलाई उपयुक्त हुनेखालको जस्तै निम्न र विपन्न वर्गका व्यक्तिलाई समेत ख्याल गरी सबैलाई सुलभ हुनेखालको मूल्य निर्धारण गरिनुपर्दछ र सवै ठाउमा सुगमखालको हुनुपर्दछ ।

यसरी कक्षा चारका मेरो नेपाली र सजिलो नेपालीलाई तुलनात्मक दृष्टिकोणले हेर्दा मेरो नेपालीका तुलनामा सजिलो नेपालीको आवरण पृष्ठ बाक्लो, बलियो र आकर्षक

गर्नेखालको साथै आकार पनि केही ठूलो र छपाइ पनि आकर्षक र उपयुक्त किसिमको नै देखिन्छ । अक्षरको आकार भने दुवैमा वरावर नै रहेको छ । कागजको स्तर, बँधाइ र मूल्यको तुलना गर्दा कागज पनि सजिलो नेपालीमा स्तरीय नै देखिन्छ । बँधाइ दुवैमा एकै हुनुका साथै मूल्य मेरो नेपालीमा केही कम रहेको छ ।

## २.४ निष्कर्ष

पाठ्यक्रम शिक्षण सिकाइको बृहत् कार्यक्रम हो । पाठ्यक्रमअनुरूप पाठ्यपुस्तक निर्माण गरिने हुनाले पाठ्यक्रम र पाठ्यपुस्तकबीच घनिष्ट सम्बन्ध रहन्छ । पाठ्यपुस्तकमा आन्तरिक र बाह्य गरी दुई आधार रहेका हुन्छन् । आन्तरिक आधारभित्र विषयवस्तु, विधा, शैली, अभ्यास, चित्र आदि पर्दछन् भने बाह्य आधारभित्र आवरण पृष्ठ, छपाइ, बँधाइ, आकार, कागजको स्तर, मूल्य आदि पर्दछन् । विषयवस्तु विद्यार्थीको स्तर अनुरूप र बालमनोविज्ञानअनुरूप हुनुपर्दछ । विधा प्रस्तुती पनि भाषाका चारैसीप सिकाउन उपयोगी र सरलदेखि जटिलको क्रममा आकर्षित हुनेखालको हुनुपर्दछ ।

भाषिक संरचना र शैलीले पनि विद्यार्थीको पठनपाठनमा प्रभाव पारेको हुन्छ । पाठ्यपुस्तकमा दिइएका अभ्यासले पनि विद्यार्थीको भाषिक सीप प्राप्त गर्न र मूल्याङ्कन गर्नसमेत सहज हुन जान्छ । त्यसैले अभ्यास छनोट गर्दा पनि ध्यान पुर्‍याउनु पर्दछ । चित्र पनि विद्यार्थीको आकर्षक र रूचि प्रदान गर्ने वस्तु हो त्यसकारण चित्र पनि उपयुक्त मात्रमा समावेश गर्नुपर्दछ । यस्तो अभ्यासले विद्यार्थीको भाषिक सीप विकास गराउन समेत सहयोग पुर्‍याउछ । पाठ्यपुस्तकमा आन्तरिक गुणका साथै बाह्य गुण हुनु पनि जरूरी छ । बाह्य वा भौतिक गुण अन्तरगत बनोट, छपाइ, बँधाइ, कागजको स्तर, मूल्य सूलभता जस्ता कुराहरू पर्दछन् । पाठ्यपुस्तकको आवरण वलियो पृष्ठ बाक्लो कागजले निर्माण गरिनुपर्दछ । कागज चिल्लो, मसिनो र टिकाउयोग्यका साथै रङ्गिन र आकर्षक हुनुपर्दछ । वनावटका दृष्टिले आकार मिल्दो किसिमको विद्यार्थीको झोलामा अटाउनेखालको र यताउति लैजान सजिलो र मिल्ने किसिमको हुनुपर्दछ । छपाइ अन्तरगत किनारा छोडाइ, पाठशीर्षक, उपशीर्षक उपयुक्त अक्षरको आकारजस्ता कुराहरू पर्दछन् । यसमा पनि पाठ्यपुस्तकका प्रत्येक पृष्ठको किनारा छोडाइ एकै किसिमको साथै पाठशीर्षक र उपशीर्षक आकर्षक किसिमको हुनुपर्दछ । बँधाइ बलियो हुनुका साथै मूल्य उपयुक्त र सबैको पहुँचभित्र हुनुपर्दछ ।

यसरी कक्षा चारका मेरो नेपाली र सजिलो नेपाली किताबमा माथि उल्लेखित गुणहरू उपयुक्त मात्रमा समावेश भएको देखिन्छन् ।

# परिच्छेद -तीन

## पाठ्यसामाग्रीको अध्ययन एवम् विश्लेषण

### ३.१ परिचय एवम् पृष्ठभूमि

कक्षा चार प्राथमिक तहको उपल्लो श्रेणी भएकोले पाठ्यक्रम विकास केन्द्रले यस तहको पाठ्यक्रम निर्माण कक्षागत र तहगत उद्देश्यलाई बढी व्यवहारिक र उद्देश्यमूलक बनाउन राष्ट्रिय उद्देश्यलाई मूल आधार बनाई यस पाठ्यपुस्तकको निर्माण गरिएको छ । भाषिक सीप विकासका लागि चारओटा सीपका छुट्टाछुट्टै गरी २२ ओटा, कार्यमूलक व्याकरणका दुई र शब्दार्थको एक गरी २५ ओटा विशिष्ट उद्देश्य निर्धारण गरिएको छ र ४१ ओटा सिकाइ उपलब्धिहरू तोकिएका छन् ।

नेपाली विषयको कक्षागतरूपमा हेर्दा मेरो नेपाली कक्षा चारको पाँच ओटा विधाका विभिन्न २१ ओटा पाठ र सजिलो नेपाली कक्षा चारका पाँचओटै विधाका २४ ओटा पाठहरू पाठ्यक्रमले निर्दिष्ट गरेको छ ।

### ३.१.१ मेरो नेपाली कितावको आन्तरिक पक्ष

कुनै पनि पाठ्यपुस्तकको मुटु भनेकै आन्तरिक पक्ष हो । पाठ्यपुस्तकलाई बाह्य रूपबाट आकर्षित देखाउन जसरी रङ्गिन र मजबुद कागज एवम् विभिन्न चित्रहरूको प्रयोग गरिन्छ त्यसैगरी आन्तरिक पक्षलाई आकर्षित बनाउने भनेको नै त्यसभित्रको विषयवस्तु, भाषिक संरचना र शैली, नमुना अभ्यास, चित्र, भूमिका निर्देशन आदि पर्दछन् जसलाई निम्नअनुसार चर्चा गरिएको छ :-

#### क विषयवस्तु

कक्षा चारको मेरो नेपाली कितावमा राखिएका पाठहरूलाई समग्रमा अध्ययन गर्दा स्तरअनुरूप नैतिक, उपदेशात्मक, शिक्षाप्रद, देशप्रेमको भावना जगाउने, प्राकृतिक स्थलहरूको वर्णन र चिनारी जस्ता विषयवस्तु समेटिएका छन् ।

यसमा रहेका पाँचओटा विधा अन्तरगत कथाहरू नैतिक मूल्य मान्यता सिकाउने खालका छन् । कविताहरू नैतिक, उपदेशात्मक, प्राकृतिक र लोकलयात्मक खालका रहेका छन् । प्रबन्ध अन्तरगत विभिन्न ठाउँको चिनारी र ब्याख्या रहेका छन् । त्यस्तै चिठी अन्तरगत कार्यालयीय निवेदन र व्यक्तिगत रहेका छन् । जसले विद्यार्थीलाई चिठीको व्यवहारिक नमुना देखाई चिठी लेखनसम्बन्धी विशेष ज्ञान हाशिल गराउन

खोजिएको छ । माथिका विधा र विधागत पाठलाई निम्नलिखित तालिकाबाट अझ स्पष्ट पार्न सकिन्छ :-

## तालिका नं. १

### मेरो नेपाली किताबका विधा र पाठहरू

| विधा | सि.नं | विधागत पाठहरू | क्षेत्र | लेखक | सङ्ख्या |
|---|---|---|---|---|---|
| कविता | १ | गाउँछ गीत नेपाली | नैतिक | माधवप्रसाद घिमिरे | ५ |
| | २ | नौलाख तारा | प्राकृतिक | दैवज्ञराज न्यौपाने | |
| | ३ | आमा | नैतिक | सिद्धिचरण श्रेष्ठ | |
| | ४ | पाप लाग्छ | नैतिक | लक्ष्मीप्रसाद देवकोटा | |
| | ५ | लक्ष्य | प्राकृतिक | पारसमणि प्रधान | |
| कथा | १ | धनको घमण्ड | चारित्रिक | सम्पादकहरू | ६ |
| | २ | नीमको पात | लोककथा | | |
| | ३ | दाजुभाइ र बूढावा | सामाजिक | | |
| | ४ | बजा लौरी डाङ्डुङ् | लोककथा | | |
| | ५ | पछुतो | सामाजिक | | |
| | ६ | सत्य कामको अठोट | नैतिक | | |
| प्रबन्ध | १ | बचत गर्ने वानी | विचारात्मक | सम्पादकहरू | ६ |
| | २ | बाग्मती नदी | वर्णनात्मक | | |
| | ३ | स्वस्थ बनौं | विचारात्मक | | |
| | ४ | नरेशको यात्रा | वर्णनात्मक | | |
| | ५ | बालबालिकाको अधिकार | विवरणात्मक | | |
| | ६ | आधुनिक सञ्चार | वर्णनात्मक | | |
| रुपक | १ | बिहेको निम्तो | संवाद | सम्पादकहरू | २ |
| | २ | पशुपन्छी र हाम्रो कर्तब्य | संवाद | | |
| चिठी | १ | बुवाको चिठी | ब्यक्तिगत | सम्पादकहरू | २ |
| | २ | प्रधानाध्यापकलाई निवेदन | कार्यालयीय | | |

यस पाठ्यपुस्तकमा पाँचओटा विधाअन्तरगत कविता पाँच, कथा छ, रूपक/संवाद दुई र चिठी दुई गरी जम्मा २१ ओटा पाठहरूलाई समेटिएको छ । पाठको लम्बाइको

दृष्टिबाट हेर्दा करीब १० वाक्यमा संरचित प्रधानाध्यापकलाई निवेदन र १०० वाक्यमा संरचित पछुतो कथा रहेको छ । अन्य पाठहरू ६० देखि ८० वाक्यमा संरचित रहेका छन् । यसले के देखाउछ भने पाठहरूको आकार कुनै ज्यादै छोटो देखि कुनै ज्यादै लामोसम्म रहेको छ । पाठका शीर्षक एक शब्द देखि चार शब्दसम्म रहेका छन् ।

## ख भाषिक संरचना र शैली

पाठ्यपुस्तकमा प्रत्येक पाठको अभ्यासमा राखिएका शब्दको अर्थसँग जोडा मिलाउने अभ्यासलाई नयाँ शब्दभण्डार भन्न सकिन्छ । यसरी राखिएका शब्द र अर्थका शब्दहरू २१२ ओटा छन् । पाठ १० मा सबैभन्दा थोरै ६ ओटा राखिएको छ भने पाठ १७ मा सबैभन्दा धेरै १७ ओटा शब्दार्थ राखिएको छ । पाठ्यपुस्तकमा तत्सम्, तद्भव, आगन्तुक र अनुकरणात्मक शब्दहरू प्रयोग भएका छन् । प्रत्यय र उपसर्ग लागेर समास र द्वित्व भएर बनेका शब्दहरू सुयोग्य, अपमान, सद्भाव, धार्मिक, आदानप्रदान, लामपुछे, खेतीपाती जस्ता शब्दहरू प्रयोग भएका छन् । शिक्षणीय हिसाबले लेक, अपमान, लोप, सुनबड्कौली, सयर, मुग्ध, वित्थामा, अत्तालिनु जस्ता सरल र जटिल शब्दहरूको प्रयोग भएका छन् ।

पृष्ठगतरुपमा हेर्दा विधागत पाठहरू कथा, प्रबन्ध र संवादको संरचना क्रमशः २०, १५, र ६ पृष्ठमा छन् । कविताका श्लोकहरू क्रमशः ५, ५ ४, ६, ६ मा संरचित छन् कथा विधाहरू चारओटा करीब उत्तिकै वाक्यमा र पछुतो १०० वाक्यमा रहेको छ । यसरी कथाहरूको संरचना एउटा अलि लामो भएपनि मिल्दोजुल्दो नै देखिन्छ । चिठी अन्तरगत बुवाको चिठी ब्यक्तिगत र प्रधानाध्यापकलाई निवेदन कार्यालयीय गरी दुई किसिमको रहेको छ । कार्यालयीय छोटो छ भने ब्यक्तिगत लामो रहेको छ । यस पाठ्यपुस्तकमा १२० पृष्ठ रहेका छन् र पृष्ठ संख्या ११४ दिइएको छ ।

गद्य विधाका पाठहरूमा सरल, संयुक्त र मिश्र तीनै खाले वाक्यहरू प्रयोग भएका छन् । शब्दमा संरचित अक्षर संख्याका दृष्टिकोणले हेर्दा एक अक्षर बा, म देखि नौ अक्षरको बालअधिकारबारेमा रहेका छन् । वाक्यमा शब्द संख्याका हिसाबले - उसले पहिले जस्तै रूखमुनि बसी रोटीका टुक्रा गन्दै भन्न थाल्यो “एक खाउँ, दुई खाउँ, तीन खाउँ, चार खाउँ, पाँच खाउँ, छ खाउँ कि सातओटै खाउँ ।” (पृष्ठ ६२) जस्ता २५ शब्दद्वारा संरचित पूर्ण वाक्य निर्माण भएको छ । औसत वाक्यहरू ९, १० शब्दमा संरचित छन् ।

पद्य विधाका पाठहरूलाई हेर्दा “आकाश भरीदेऊ” (नौलाखतारा पृष्ठ १५) दुई , दुई शब्द र “जय जय जय हे नेपाल सुन्दर शान्त विशाल” (गाउँछ गीत नेपाली पृष्ठ १) ८

शब्दबाट संरचित हरफहरू दिइएको छ । सबै कविता लययुक्त र छन्दबद्ध छन् । विधागत शैलीका दृष्टिबाट पाठहरूलाई हेर्दा कविता छन्दबद्ध र लयबद्ध छन् । नरेशको यात्रा प्रबन्ध वर्णनात्मक शैलीमा लेखिएको छ । पछुतो कथाको शुरू वार्तालाप शैलीमा गरिएको छ । स्वस्थ बनौँ भन्ने पाठबाट पनि स्वस्थ सम्बन्धी क्रियाकलापको वर्णन गरिएको छ । दुइओटा संवाद समावेश गरी संवादको जानकारी गराइएको छ । त्यस्तै दुईओटा चिठी घरायसी र प्रधानाध्यापकलाई निवेदनबाट पनि चिठी लेख्ने शैली प्रस्तुत गरिएको छ । भाषातत्वका प्रयोगका दृष्ठिबाट हेर्दा विधाका पाठहरूमा भाषातत्व स्वभाविक रूपले अन्तरनिहित छ । व्याकरणका लागि छुट्टै पाठहरू प्रयोग भएका छैनन् । अभ्यासमा व्याकरण सम्बन्धी अभ्यासहरू राखिएका छन् ।

## ग नमुना अभ्यास

मेरो नेपाली कितावमा शब्द र अर्थलाई जोडा मिलाउने क्रममा राखी अभ्यासमा दिइएको छ । यसैगरी हरेक विधामा ८ देखि १६ ओटासम्म अभ्यासहरू दिइएका छन् । सवैभन्दा थोरै प्रधानाध्यापकलाई निवेदनमा अभ्यास आठसम्म दिइएको छ भने सबैभन्दा धेरै पाप लाग्छ कविता, बिहेको निम्तो संवाद र निमको पात कथामा १६/१६ ओटा अभ्यास दिइएको छ । अन्य पाठमा ९ देखि १५ सम्म रहेका छन् ।

अभ्यासको प्रकृति हेर्दा बिभिन्न किसिमले वर्गीकरण गर्न सकिन्छ । हरेक वर्गीकृत प्रकृतिसँग मिल्ने अभ्यासहरू निम्न अनुसार छन् :-

१ शब्दभण्डार

२ वाक्यनिर्माण

३ अनुच्छेदलेखन

४ प्रश्नोत्तरलेखन

५ शुद्धीकरण

६ अभिब्यक्तिमूलक

७ कोठेपदको प्रयोग गरी विभिन्न शब्दको निर्माण

यस्ता विभिन्न प्रकृतिका अभ्यासहरू जम्मा २७२ ओटा रहेका छन् । अभ्यासभित्र धेरै प्रकृतिका अभ्यासहरू रहेका छन् । जस्तै शब्दार्थ, वाक्यनिर्माण, खाली ठाउँमा ठीक

शब्द राखी कथा निर्माण गर्ने, शब्द र अर्थको जोडा मिलाउने, शुद्ध लेख्ने, गाउँ खाने कथा, प्रश्नोत्तर जस्ता अभ्यास राखिएको छ ।

शिक्षण सिकाइमा व्याकरणको छुट्टै अभ्यास नदिइए पनि विभिन्न अभ्यासहरूमा विभक्ति, निपात, नाम, सर्वनाम, पुरुष, लिङ्ग, वचन, करण, अकरण, लेख्य चिह्न, हिज्जे, उखानटुक्का आदि कार्यमूलक व्याकरणका तत्वहरू रहेका छन् । सिर्जनात्मक प्रयोग क्षेत्रका अनुच्छेदलेखन, कथावाचन, नाटक, वादविवाद, लोकगीत प्रतियोगीता, तर्कपेश गाउँखाने कथा, वाक्यमा प्रयोग आदि रहेका छन् । अभ्यासहरूमा समेटिएका विषयवस्तु र अभ्यास भाषिक सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीप विकास गराउने खालका रहेका छन् ।

## घ चित्र

मेरो नेपाली किताब कक्षा चारको पाठ्यपुस्तकमा विधाका पाठहरूमा सुहाउदो किसिमले चित्रहरू दिइएको छ । सवैभन्दा बढी चित्रहरू छ ओटा दाजुभाइ र बूढाबा कथामा राखिएको छ । चिठीमा चित्र नराखी खामको नमुना मात्र प्रस्तुत गरिएको छ । साथै अभ्यासमा समेत दुई, चार ओटा चित्र राखिएको छ । चिठीको अभ्यासमा भित्तेपात्रोको चित्र राखी बार, गते, महिना र वर्ष हेर्न सिकाइएको छ । त्यसैगरी सत्य कामको अठोट कथाको अभ्यासमा दुइओटा चित्र दिई दुई चित्रबीचको फरक कुराहरू लेख्न भनिएको छ । पाठमा सादाखालका चित्रहरू प्रस्तुत गरिएको छ ।

## ङ भूमिका निर्देशन आदि

यस पाठ्यपुस्तकमा भूमिका आदि खण्डअन्तरगत दुई पाना वा चार पृष्ठहरू रहेका छन् । प्रथम पृष्ठमा पुस्तकको नाम, कक्षा र प्रकाशकको नाम रहेको छ । दोस्रो पृष्ठमा हाम्रो भनाइ तीन अनुच्छेदमा पाठ्यपुस्तकको प्रयोजन, पाठ्यपुस्तक निर्माण कार्यको उल्लेख, लेखक, सम्पादक, चित्र, संयोजकको नामावली तथा कृतज्ञता र सुझावको अपेक्षा गरिएको छ । चौथो पृष्ठ खाली राखी पाँचौं पृष्ठमा विषयसूची अन्तरगत पाठसङ्ख्या र पृष्ठ दिइएको छ ।

## ३.१.२ मेरो नेपाली कितावको बाह्य पक्ष

पाठ्यपुस्तकमा आन्तरिक गुण वा विशेषताको साथै बाह्य गुणहरू हुनु अत्यन्तै आवश्यक पर्दछ । पाठ्यपुस्तकला टिकाउयोग्य र मजवुद बनाउनकालागि बाह्य गुणहरू जस्तै आवरण, आकार, छपाई, कागजको स्तर, बँधाई, मूल्य/सुलभता आदि कुरामा ख्याल गर्नुपर्दछ । जसलाई निम्नअनुसार चर्चा गर्न सकिन्छ :-

### क आवरण पृष्ठ

आवरण पृष्ठ अगाडिको भाग हल्का रङ्गिन छ । शुरूमा माथिपट्टि राता अक्षरले मेरो नेपाली कक्षा चार लेखिएको छ । विद्यालय भवनको सानो आकारको चित्र त्यसका बायाँपट्टि रुख अनि अगाडि मैदानमा पाँचजना विद्यार्थी खेलिरहेको देखाइएको छ । विद्यालय भवनको पछाडिपट्टि एउटा सानो रूख देखाइएको छ । दुईजना फुटवल र तीनजना रसी नाँघ्ने खेलिरहेका छन् । विद्यार्थीले हल्का रातो रङ्गको सर्ट र गाढा रातो रङ्गको पाइन्ट, मेझ्री भएको ड्रेस लगाइएको छ ।

त्यस्तै पछाडिको भागमा वरीपरी हल्का रातो भाग र बीचमा सेतो भाग अनि त्यसमा कक्षा चारको कक्षागत गीत लेखिएको छ । माथिपट्टि अलि ठूला अक्षरमा कक्षा चारको कक्षागत गीत शीर्षक लेखिएको छ । माथिकै एक छेउमा षट्कोणभित्र बालकले पढ्न लागेको चित्र र तल्लो छेउमा पाठ्यक्रम विकास केन्द्रको लोगो दिइएको छ र त्यसको वायाँपट्टि प्रकाशक र मुद्रकको नाम दिइएको छ । छेउमा मूल्य राखिएको छ । यसरी आवरण पृष्ठको दुवै भागमा हल्का रातो रङ्ग प्रयोग गरी हेराइमा केही आकर्षक बनाइएको छ ।

### ख आकार

आकारको दृष्टिबाट मेरो लेपाली कक्षा चारको किताबको लम्बाइ २३.५ से.मी र चौडाइ १७.५ से.मी अनि मोटाइ ०.६ से.मी रहेको छ । पाठ्यपुस्तकमा ११४+६ पृष्ठ रहेका छन् ।

### ग छपाइ

आवरण पृष्ठमा भएको पाठ्यपुस्तकको नाम र स्तरका लागि प्रतिलिपिलाई आधार मानेर हेर्दा ४८ र ३३ प्वाइन्टका अक्षरहरू प्रयुक्त छन् । भूमिका आदिमा प्रत्येक शीर्षक ४८ प्वाइन्टको अक्षरमा र अन्य २० देखि १६ प्वाइन्ट सम्मका अक्षरहरू प्रयुक्त छन् शीर्षकका लागि २० प्वाइन्ट, लेखकका लागि १४ प्वाइन्ट, पाठ्यवस्तुका लागि १६ प्वाइन्ट प्रयुक्त छन् ।

प्रत्येक पानामा छपाइ गर्दा किनारा अगाडि २ से.मी पछाडि १ से.मी माथि १.९ र तल १.५ से.मी छाडिएको छ । छपाइका केही पृष्ठहरू छायाँ प्रिन्ट कालो मसीमात्र प्रयोग भएको छ । नयाँ अनुच्छेदमा पहिलो पंक्तिको अघिल्तिर ०.८ से.मी छोडिएको छ ।

## घ कागज

यस पाठ्यपुस्तकको छपाइको लागि प्रयोग भएको कागज एकनाशको हल्का सेतो रङ्गको छ ।

## ङ बँधाइ र मूल्य

पाठ्यपुस्तकका पृष्ठहरु स्टेपपिनद्वारा दुई ठाउँमा बाँधिएको छ । आवरण पृष्ठद्वारा दुवै बन्धन छोपिएको छ । स्टेपपिनद्वारा बाँधिएको पाठ्यपुस्तकलाई गम प्रयोग गरी आवरण पृष्ठले छोपिएको छ । यस पुस्तकको मूल्य रु ३७/२५ तोकिएको छ । मूल्य सर्वसाधारणको लागि उपयुक्त नै देखिन्छ ।

## ३.२ सजिलो नेपाली माला चार

भाषा पाठ्यपुस्तक अध्ययन तथा विश्लेषणका लागि तयार पारिएका अध्ययन बुँधाका आधारमा मेरो नेपालीको जस्तै सजिलो नेपाली माला शैक्षिक पक्ष र बाह्य वा भौतिक पक्ष गरी निम्नअनुसार अध्ययन विश्लेषण गरिएको छ ।

## ३.२.१ सजिलो नेपाली माला चारको आन्तरिक पक्ष

कुनैपनि पाठ्यक्रमको मार्गदर्शन भनेको नै पाठ्यपुस्तकको आन्तरिक पक्ष हो । पाठ्यपुस्तकको आन्तरिक पक्षद्वारा नै त्यस पाठ्यपुस्तकको विभिन्न पक्षको विश्लेषण गर्न सकिन्छ जस्तै : राम्रो वा नराम्रो, उपयुक्त वा अनुपयुक्त, सान्दर्भिक वा असान्दर्भिक, सहज वा जटिल आदि । यसरी सजिलो नेपाली माला चारको आन्तरिक पक्षअन्तरगत विषयवस्तु, विधा वा विधागत पाठहरू, भाषिक संरचना, नमुना अभ्यास, चित्र, भूमिका निर्देशन आदि कुराहरू समेटिएको छ । जसलाई निम्नअनुसार वर्णन गरिन्छ :-

## क विषयवस्तु

सजिलो नेपाली माला चारमा राखिएका पाठहरूमा शिक्षाप्रद, नैतिक मूल्य मान्यता, राष्ट्रिय भावना जगाउने, जीवनी र ब्यक्तिको परिचय गराउनेखालका विषयवस्तुलाई समेटिएको छ । कथा नैतिकता आदरभाव जगाउनेखालका छन् भने कविता राष्ट्रिय भावना जगाउने, नैतिक सन्देश दिनेखालका छन् । यस्ता विविध विषयलाई समेट्ने ६ ओटा विधा अन्तरगत २४ ओटा पाठहरूलाई यस पाठ्यसामग्रीमा समेटिएको छ ।

## ख विधा तथा विधागत पाठहरू

६ ओटा विधा अन्तरगत २४ ओटा पाठहरूलाई निम्न तालिकामा देखाइएको छ :-

### तालिका नं. २

### सजिलो नेपाली माला चार किताबका विधा र पाठहरू

| विधा | सि.नं | विधागत पाठहरू | क्षेत्र | लेखक | सङ्ख्या |
|---|---|---|---|---|---|
| कविता | १<br>२<br>३<br>४<br>५ | सरस्वती बन्दना<br>कान्छी औलाले<br>घडी<br>कति राम्रो जून<br>सुन्दर नेपाल | नैतिक<br>प्राकृतिक<br>नैतिक<br>प्राकृतिक<br>प्राकृतिक | केदार न्यौपाने<br>माधवप्रसाद घिमिरे<br>पारसमणि प्रधान<br>दैवज्ञराज न्यौपाने<br>सोभियतराम विष्ट | ५ |
| कथा | १<br>२<br>३<br><br>४<br>५<br>६<br>७<br>८ | सुनको खेती<br>सुदामा र कृष्ण<br>लोभी ब्यापारी र इमान्दार गधा<br>उल्टै लज्जित हुनुपर्‍यो<br>मित्रता<br>अध्ययनमा एकाग्रता<br>मृत्युको औषधि<br>मानिस कसरी बदलिन्छ | नैतिक<br>लोककथा<br>सामाजिक<br><br>नैतिक<br>सामाजिक<br>लोककथा<br>नैतिक<br>नैतिक | सम्पादकहरू | ८ |
| प्रबन्ध | १<br>२<br>३<br>४<br>५<br>६<br>७ | राधाको फूलवारी<br>रेडियो<br>असल वातावरण<br>कमिला<br>किताब चरो<br>पहाड<br>एकसिङे गैडा | विवरणात्मक<br>विवरणात्मक<br>वर्णनात्मक<br>चिनारी<br>वर्णनात्मक<br>प्राकृतिक<br>चिनारी | सम्पादकहरू | ७ |
| रूपक | १<br>२ | असहायलाई सहयोग<br>विद्यालय पोशाक | संवाद<br>संवाद | सम्पादकहरू | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| जीवनी | १ | पौरखी राजा द्रब्य शाह | राष्ट्रिय | सम्पादकहरू | १ |
| चिठी | १ | बुबालाई चिठी | व्यवहारिक | सम्पादकहरू | १ |

यस सन्दर्भ सामग्रीमा पाठ्यक्रमले तोकेको छओटा विधा अन्तरगत कविता पाँच ओटा, कथा आठओटा, प्रबन्ध सातओटा, रूपक दुईओटा, जीवनी एक र चिठी एक गरी जम्मा २४ ओटा पाठ समेटिएको छ ।

## ग भाषिक संरचना

कक्षा चारका विद्यार्थीका लागि भाषा सरल, सहज र क्षमताअनुरूप मिल्ने किसिमको हुनुपर्दछ । सजिलो नेपाली माला चारमा भाषिक संरचनाअन्तरगत पाठ्यपुस्तकमा समावेश गरिएका शब्दार्थ र वाक्य संरचनालाई प्रस्तुत गरिएको छ । जुन निम्नअनुसार छन् :-

## अ शब्दार्थ

यस पाठ्यसामग्रीमा हरेक विषयवस्तु पाठको सम्बन्धित पृष्ठकै अन्त्यमा कठिन शब्द र अर्थ दिइएको छ यसबाट विद्यार्थीमा शब्दार्थको ज्ञान हाशिल हुन सक्दछ । सजिलो नेपाली माला चारमा प्रयोग गरिएका शब्दार्थहरूलाई निम्न तालिकामा प्रस्तुत गरिन्छ ।

### तालिका नं. ३

**शब्दार्थहरू पाठ अनुसार यसरी रहेका छन् :-**

| पाठ | शब्दार्थ सङ्ख्या | पाठ | शब्दार्थ सङ्ख्या | पाठ | शब्दार्थ सङ्ख्या | पाठ | शब्दार्थ सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| १ | १२ | ७ | ४ | १३ | १५ | १९ | २७ |
| २ | १२ | ८ | ९ | १४ | ५ | २० | १० |
| ३ | १४ | ९ | २१ | १५ | १४ | २१ | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | ६ | १० | २१ | १६ | ४ | २२ | १४ |
| ५ | १९ | ११ | ७ | १७ | ४ | २३ | १० |
| ६ | १२ | १२ | १० | १८ | १८ | २४ | ९ |

जम्मा २८७ ओटा कठिन शब्द र अर्थ राखिएको छ । जसमध्ये सबैभन्दा थोरै शब्द र अर्थ पाठ ७, १६ र १७ मा ४ र सबैभन्दा धेरै शब्द १९ औं पाठमा २७ ओटा रहेका छन् । पाठमा तत्सम्, तद्भव र आगन्तुक तीनै प्रकारका शब्दहरू रहेको देखिन्छ ।

## आ वाक्य संरचना

लम्बाइका दृष्टिबाट विधागत पाठहरूको संरचना हेर्दा कविताका पंक्तिहरू क्रमशः १६, १२, १६, १८ र १२ रहेका छन् । कथा विधामा वाक्यहरू क्रमशः ४७, ८६, ३६, ६१, ६५, ७६, ४४ र ५५ रहेका छन् । प्रबन्धमा क्रमशः ४४, ५५, ६२, ४६, ४४, ५०,४५ रूपक विधामा ६९ र ५७ त्यस्तै जीवनीमा ५३ र चिठीमा २३ वाक्य रहेका छन् । यस पाठ्यसामग्रीका पाठहरूमा सरल, संयुक्त र मिश्र तीनै प्रकारका वाक्यहरू संरचित छन् । वाक्य गठनको संरचनालाई हेर्दा ज्यादै कम र बढी शब्दद्वारा निर्मित वाक्य रहेका छन् “सुन उम्रिदैन उम्रिएन । सुन सुक्यो । सत्यनाश भयो ।” किसानले रूदै भन्यो । जस्ता वाक्य (सुनको खेती पृष्ठ ४) र नेपालको पहाडमा राई, लिम्बू, मगर, शेर्पा, तामाङ, गुरुङ, नेवार, थकाली, छेत्री, बाहुन, कामी, दमाई, सार्की, आदि जातका मानिसहरू बस्छन् (पहाड पृष्ठ ८५) १९ शब्दले संरचित वाक्य दिइएको छ । यी बाहेक समग्रमा ९, १० वाक्यमा संरचित वाक्यहरू रहेका छन् । कविताका पंक्तिहरूमा तीन शब्द देखि ५- ६ शब्द राखेर पूर्ण गरिएको छ ।

## ग नमुना अभ्यास

सजिलो नेपाली माला चारको पाठ्यपुस्तकमा शब्दार्थलाई अभ्यासभित्र समेटिएको छैन । पाठ पृष्ठको अन्त्यमा नै शब्दार्थ राखिएको छ । हरेक विधागत पाठहरूमा निम्न अनुसार अभ्यास राखिएको छ :-

## तालिका नं. ४

**प्रत्येक पाठअनुसार अभ्यास क्रमश : यसरी दिइएको छ :-**

| पाठ | अभ्यास सङ्ख्या | पाठ | अभ्यास सङ्ख्या | पाठ | अभ्यास सङ्ख्या | पाठ | अभ्यास सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| १ | १० | ७ | १२ | १३ | १३ | १९ | १३ |
| २ | १६ | ८ | १४ | १४ | ७ | २० | १२ |
| ३ | १२ | ९ | १० | १५ | १२ | २१ | १६ |
| ४ | १० | १० | १६ | १६ | १७ | २२ | १३ |
| ५ | ११ | ११ | १४ | १७ | १४ | २३ | १७ |
| ६ | १६ | १२ | १३ | १८ | १६ | २४ | १३ |

यी अभ्यासहरू खासगरी प्रश्नोत्तर, पठनवोध, उल्टो अर्थ लेख्ने, उही अर्थ आउने शब्दसँग जोडा मिलाउने, ठीक बेठीक छुट्याउने, खाली ठाउँ भर्ने, शुद्धसँग लेख्ने, वाक्यनिर्माण, लेखन तथा मौलिक अभिब्यक्ति, तालिकाबाट वाक्य बनाउने, ठीकसँग उच्चारण गर्ने, ठीक शब्द छानेर खाली ठाउँ भर्ने, कसले कसलाई भनेको हो, चित्रमा फरक बताउने जस्ता अभ्यासहरू रहेका छन् ।

व्याकरणको छुट्टै अभ्यास नदिइएपनि यी अभ्यासभित्र नै लिङ्ग, वचन, पुरुष, काल, नाम, सर्वनाम, विशेषण, विभक्ति, कारक राखिएको छ । यी अभ्यास हेर्दा भाषाका चारओटै सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपको विकास गराउन सकिने देखिन्छ ।

### ङ चित्र

पाठ्यसामग्रीका हरेक विधाका पाठहरूमा (चिठीमा वाहेक) चित्रको प्रयोग गरिएको छ । चित्र एकदेखि तीनओटा सम्म रहेका छन् । पाठको प्रकृतिअनुसार चित्र मिल्दाजुल्दा देखिन्छन् र सादा छन् । प्रस्तुत चित्रहरूलाई निम्नअनुसार तालिकामा देखाइन्छ ।

## तालिका नं. ५

**प्रत्येक पाठमा समावेश चित्रहरूलाई तालिकामा यसरी देखाइएको छ :-**

| पाठ | चित्र सङ्ख्या | कैफियत | पाठ | चित्र सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | | १३ | २ | |
| २ | २ | +१ | १४ | - | +१ |
| ३ | १ | | १५ | ३ | |
| ४ | १ | | १६ | २ | |
| ५ | ३ | +१ | १७ | १ | |
| ६ | २ | +१ | १८ | ३ | |
| ७ | २ | +१ | १९ | २ | +१ |
| ८ | २ | | २० | ३ | |
| ९ | ३ | | २१ | १ | |
| १० | २ | +१ | २२ | २ | +१ |
| ११ | १ | | २३ | २ | |
| १२ | ३ | | २४ | २ | |

यसरी उल्लेख गरिएका चित्रहरूको बिश्लेषण गर्दा कुनै पाठमा पाठको प्रकृतिअनुसार ठीक मात्रमा चित्रहरू समावेश गरिएको छ भने कुनैमा केही थप गर्नुपर्ने जस्तो देखिन्छ । जसलाई कैफियतमा देखाइएको छ ।

## च भूमिका निर्देशन

प्रस्तुत पाठ्यसामग्रीमा ६ पृष्ठलाई भूमिका खण्ड अन्तरगत राखिएको छ । पहिला दुई पृष्ठ खाली राखिएको छ । तेस्रो पृष्ठको सिरानमा पुस्तकको नाम सजिलो नेपाली माला चार राखिएको छ र त्यसमा लेखन तथा सम्पादनको नाम लेखिएको छ साथै संयुक्त प्रकाशकको नाम उल्लेख गरी प्रकाशक तथा वितरकको नाम दिइएको छ । पृष्ठ पाँचौमा लेखकको बक्तब्य प्रस्तुत गरी छैठौं पृष्ठमा विषयसूची दिइएको छ ।

### ३.२.२ सजिलो नेपाली माला चारको बाह्य पक्ष

कुनैपनि पाठ्यपुस्तकमा आन्तरिक गुण वा विशेषताका साथै बाह्य गुणहरूको पनि आवश्यकता पर्दछ । बाह्य पक्षविना पाठ्यपुस्तकको निर्माण हुन सक्दैन त्यसैले बाह्य गुणहरू जस्तै : आवरण, आकार, छपाइ, कागज, बँधाई र मूल्य पर्दछन् । जसलाई तल उल्लेख गरिन्छ :-

#### क आवरण

आवरण पृष्ठको अघिल्लो भाग रङ्गिन र चम्किलो रहेको छ । माथि सिरानमा हरियो आयतमा पहेलो घेरा राखी रातो अक्षरमा सजिलो नेपाली र तल सेतो आयातमा पहेलो घेरा राखी रातो अक्षरमा सजिलो नेपाली र तल सेतो आयातमा कालो अक्षरमा माला ४ लेखिएको छ । बायाँ भागमा जोडी परेवा र दायाँ भागमा कछुवा र खरायोको चित्र राखिएको छ । तलपट्टि बीचमा हिमालयको चित्र र बायाँ भागमा बाँदर रुखमा झुण्डिएको देखाइएको छ । दायाँ भागमा लक्ष्मीप्रसाद देवकोटाको फोटोसहित राखिएको छ । अझ तलपट्टि राष्ट्रिय झण्डामुनि दुईजना छात्र छात्राको फोटो र अगाडिपट्टि दुई वालवालिकाको पढ्न लागेको चित्र राखिएको छ ।

आवरण पृष्ठको भित्री भागमा सेतो रङ्गको प्रयोग र खाली छ । आवरणको पछिल्लो पृष्ठमा वायाँतर्फ हाम्रा प्रकाशनहरू भनी नाम लेखी कृतिहरूको सूची दिइएको छ । पृष्ठमा हल्का पहेलो, रातो र हरियो रङ्गको छ । पुछारमा सेतो अक्षरमा संयुक्त प्रकाशक लेखी पहेलो तथा कालो अक्षरमा प्रकाशकको नाम लेखिएको छ ।

#### ख आकार

आकारका दृष्टिले सजिलो नेपाली माला चारको लम्बाइ २४ से.मी, चौडाइ १८ से.मी र मोटाइ ०.७ से.मी रहेको छ ।

#### ग छपाइ

आवश्यक पृष्ठमा पाठ्यसामग्रीको नामका लागि ५० देखि ६० रहेका छन् । भूमिका आदिमा १४ प्वाइन्टका र भित्री पाठहरूमा १८ प्वाइन्टका अक्षरहरू रहेका छन् । प्रत्येक पानामा छपाइ गर्दा किनारा अगाडि १ से. मी, पछाडि १.५ से.मी, माथि २.५ से.मी र तल २.५ से. मी किनारा छोडिएको छ ।

## घ कागज

यस पाठ्यसामग्रीको छपाइका लागि प्रयोग गरिएको कागज सेतो रङ्गको छ ।

आवरण पृष्ठको बाहिर चिल्लो र भित्री भाग त्यसभन्दा केही पातलो छ । कागज बलियो, उज्ज्वल, स्तरीय र उपयुक्त नै देखिन्छ ।

## ङ बँधाइ

पाठ्यसामग्रीको भित्री पाना स्टेपपिनद्वारा बाँधिएको छ र बाहिरी पृष्ठलाई गमको प्रयोग गरी छोपिएको छ ।

## च मूल्य

यस पाठ्यपुस्तकको मूल्य रु ५५ तोकिएको छ ।

## ३.३ निष्कर्ष

यस परिच्छेदमा पाठ्यसामग्रीलाई अध्ययन विश्लेषणका आधारमा हेरिएको छ । अध्ययन तत्वका आधारमा सजिलो नेपाली माला चारलाई हेर्दा यसका आन्तरिक तत्वहरू मध्ये विषयवस्तुका हिसाबले यसमा नैतिक, उपदेशात्मक, प्राकृतिक वर्णन, राष्ट्रिय भावना जगाउने, लोकलयात्मक खालका कथा तथा कविताहरू छन् भने प्रबन्ध ठाउँ तथा वस्तुको चिनारी र ब्याख्या गराउने खालका छन् । चिठी कार्यालयीय नराखी ब्यक्तिगत मात्र राखिएको छ । विधागत दृष्टिले ६ ओटा विधाका २४ ओटा पाठहरू दिइएको छ । वाक्य संरचनाका दृष्टिले २३ देखि ७६ वाक्यबाट संरचित पाठहरू रहेका छन् ।

भाषिक संरचनालाई हेर्दा तत्सम्, तद्भव र आगन्तुक शब्दको प्रयोग भएको छ । उल्टो अर्थ आउने र उही अर्थ आउने शब्दसँग जोडा मिलाउने अभ्यास गराई शब्दभण्डार बृद्धि गराउन खोजिएको छ । नमुना अभ्यासका लागि हरेक पाठको अन्त्यमा अभ्यास दिइएको छ । जसमा प्रश्नोत्तर, जोडा मिलाउने, ठीक बेठीक छुट्याउने, खाली ठाउँ भर्ने,  शुद्धसँग लेख्ने, वाक्य बनाउने, लेखन तथा मौलिक अभिब्यक्ति, तालिकाबाट वाक्य बनाउने, शुद्धीकरण जस्ता अभ्यासहरू रहेका छन् । चिठीबाहेक प्रत्येक पाठमा चित्रहरू दिइएको छ बाह्य वा भौतिक पक्षअन्तरगत आवरण, आकार, छपाई, कागज, बँधाइ र मूल्य पर्दछन्  आवरण रङ्गिन  र बाक्लो कागजको छ । छपाइका लागि रातो, हरियो, निलो र हल्का पहेलो रङ्ग प्रयोगमा ल्याइएको छ । आकारका दृष्टिले २४ से.मी

लामो ,१८ से.मी. र चौडा ०.७ से.मी मोटो रहेको छ। पुस्तकका पानाहरू स्टेपपिनद्वारा बाँधी आवरणपृष्ठमा गमको प्रयोग छ र मूल्य रू ५५ तोकिएको छ।

# परिच्छेद - चार

## ४.१ मेरो नेपाली कक्षा चार र सजिलो नेपाली माला चारको तुलनात्मक अध्ययन

पाठ्यक्रमले तोकेका उद्देश्य परिपूर्ति गर्नका लागि पाठ्यपुस्तकको निर्माण हुन्छ त्यसैले कक्षा चारको नेपाली किताब नेपाली भाषा पाठ्यक्रमका आधारमा निर्माण भएको छ की छैन भन्ने कुरा यस अध्ययनमा हेर्ने प्रयाश गरिएको छ । पाठ्यक्रम र पाठ्यपुस्तकबीच हरेक बुँधाका आधारमा अध्ययन गर्न सकिने भएपनि यहाँ अध्ययन गर्न सहज बनाउनका लागि २ उपशीर्षकमा बाँडेर अध्ययन गरिएको छ ।

क उद्देश्य र विधागत पाठ

ख क्षेत्र क्रम र पाठहरू

### ४.१.१ उद्देश्य र विधागत पाठहरू

भाषा पाठ्यपुस्तकमा भाषा नै साधन र साध्य भएकाले पाठ्यक्रमले सीप विकासलाई विशेष जोड दिइएको छ । सीप विकासका लागि गरिने भाषिक अभ्यासहरूबाट नै शब्दभण्डार, वाक्यरचना, मौखिक लिखित अभिब्यक्ति, अभिब्यक्ति कौशल, व्याकरणको सही प्रयोग , बोध क्षमताको विकास हुने गर्दछ । पाठ्यपुस्तकमा यी कुराहरू समावेश हुनु जरूरी हुन्छ । त्यसैले यहाँ पाठ्यक्रमले तोके अनुरूपका पाठ राखिएका छन् की छैनन् हेर्ने प्रयाश गरिएको छ ।

यस पाठ्यपुस्तकमा हरेक विधाका पाठपछि राखिएका शब्द र अर्थले शब्दभण्डार सम्बन्धी आंशिक उद्देश्य परिपूर्ति गरेको देखिन्छ । अभ्यासमा दिइएको प्रश्नोत्तर र अनुच्छेद लेखनबाट लेखन सीप तथा कार्यमूलक व्याकरणका नियमहरूको लेख्य प्रयोग सम्बन्धी उद्देश्यहरू पूर्ति गर्न सक्ने देखिन्छ । खाली ठाउँ भर्ने अभ्यासले ठीक शब्दहरूको ठीक ठाउँमा प्रयोगका साथै शब्द छनौट, लिङ्ग, वचन, पुरुष आदिको सङ्गति मिलाउने आदि कुरालाई पूरा गर्न सक्ने देखिन्छ । वाक्य बनाउने अभ्यासले शब्दको सही ठाउँमा प्रयोग गरी व्याकरणिक क्रम मिलाएर अभिब्यक्ति र कार्यमूलक व्याकरण सिकाउने उद्देश्य राखेको देखिन्छ ।

शुद्ध लेख्न र उच्चारण गर्न राखिएका अभ्यासहरूले शुद्धसँग लेख्न र पढ्न सिकाउने उद्देश्यलाई समेट्न सफल देखिन्छन् । पढ र बुझको अभ्यासले पढाइ सीपको र बोध क्षमताको विकासमा टेवा पुर्याउने देखिएको छ । पर्यायवाची, विपरीतार्थक शब्द,

श्रुतिसमभिन्नार्थक शब्दका बीच फरक छुट्याउने अभ्यासले शब्दभण्डार सम्बन्धी अभ्यास हुने देखिन्छ ।

प्रस्तुत पाठ्यक्रमले अङ्गिकार गरेका सिकाइ उपलब्धिहरूलाई क्षेत्रगतरूपमा निम्न अनुसार देखाइएको छ :-

## ४.१.१.१ भाषिक सीप

कुनैपनि विषयको शिक्षण गर्नका लागि भाषिक सीपहरू अनिवार्य तत्व हुन् । भाषिक सीपहरू एक अर्कासँग अन्तरसम्बन्धित रहेका हुन्छन् । कुनै एउटै मात्र भाषिक सीपको छुट्टै शिक्षण र मूल्याङ्कन गर्न सकिदैन (शैक्षणिक विधि कक्षा ११) । यसरी भाषिक सीप अन्तरगत सुनाई, वोलाई, पढाई र लेखाई पर्दछन् । जसलाइ निम्न अनुसार चर्चा गरिन्छ :-

### अ सुनाइ/बोलाइ

**पाठ्यक्रममा सुनाइ सीपअन्तरगत**

क विभिन्न प्रकारका निर्देशनहरू सुनेर सोही अनुसार गर्न,

ख सुरका आधारमा उस्तै जस्ता सुनिने वाक्यहरु सुनेर तिनीहरूको फरक अर्थ वताउन,
ग कुनै विषयवस्तुको वर्णन , छलफल आदि ध्यानपूर्वक सुनेर तिनको अर्थ र आशय बुझी प्रतिक्रिया जनाउन ,

घ आफ्नो परिवेशमा आयोजना हुने कार्यक्रम सुनेर प्रतिक्रिया दिन ,

ङ बालकथा, बालगीत, कविता आदि आनन्द लिने गरी सुन्न जस्ता उद्देश्य राखिएको छ

**त्यस्तै बोलाइ सीपअन्तगत**

क शिष्टाचारका शब्द प्रयोग गरी बोल्न ,

ख शब्दहरु शुद्ध र स्पष्टसँग उच्चारण गरी स्वभाविक गतिका साथ बोल्न ,

ग देखेसुनेका र अनुभव गरेका कुरा सिलसिला मिलाइ बताउन ,

घ कुराकानी, छलफल आदिमा आफ्ना कुरा धक नमानी शिष्ट ढङ्गले राख्न ,

ङ यति, गति र लय मिलाइ गीत कविता भन्न सक्षम हुनेछन् जस्ता उद्देश्यहरू राखिएको छ ।

पाठ्यपुस्तकमा यस सम्बन्धित पाठहरू रूपक विधा अन्तरगत दुइओटा पाठहरू रहेका छन् । यी पाठहरुमा सुनाइ र बोलाइ सीप सम्बन्धी प्रत्यक्ष अभ्यास हुने देखिन्छ । अभ्यासहरूमा पनि उच्चारण अभ्यास राखिएको छ । त्यस्तै गाउँखाने कथा खोजेर कक्षामा सुनाउ (पृष्ठ २४) भनिएको छ ।

दिइएको चित्र हेरी पाँच वाक्यमा वर्णन गर (पृष्ठ २५), रेडियो वा टेलिभिजनमा उपयोगी कार्यक्रम सुन र त्यसका वारेमा कक्षामा वताउ (पृष्ठ ९७), तलको समाचार पढ र उत्तर देउः (पृष्ठ ९७), तलका कुरा कसले कसलाई किन भनेको हो भन (पृष्ठ १०५), तिमीले जानेको एउटा कथा सुनाऊ (पृष्ठ १०५), स्थानीय क्षेत्रमा हुने कथा वाचन, प्रवचन, नाटक, वादविवाद वा लोकगीत प्रतियोगिता भएका ठाउँमा तिमीले देखेसुनेका कुरा कक्षामा सुनाऊ (पृष्ठ १०८) रहेका छन् । प्राय धेरैजसो पाठको अभ्यासमा कुनै शब्दहरू दिएर वर्णन गर, वाक्य बनाऊ, कविता वाचन गर, चुड्किला भन जस्ता अभ्यास राखिएको छ । जसले गर्दा बोलाइ तथा अभिब्यक्ति सीपको विकास हुने देखिन्छ ।

तर लेख्य अभ्यासका तुलनामा सुनाइ, बोलाइका लागि प्रशस्त अभ्यास राखिएको छैन । एउटा सम्म भएपनि एकाङ्की वा अभिनयात्मक पाठ समावेश गरिएको भए विद्यार्थीको केही मात्रमा अभिनयात्मक सीपको विकास हुने थियो । त्यस्तै बोलाइ सीपको करीव १०/१२ अभ्यास मात्र विषय सम्बन्धित देखिन्छन् । यतिले मात्र कक्षा चारका विद्यार्थीले बोलाइ सीपको पर्याप्तता पाउन सक्दैनन् । विद्यार्थीलाई उखान टुक्काको प्रयोग लेखन सीपमा मात्र नभइ बोलाइ सीपमा पनि हुनुपर्ने थियो । पाठ्यक्रमले सुनाइ सीपको लागि ३८ घण्टी र बोलाइ सीपका लागि ५१ घण्टी निर्धारण गरेको छ तर सोअनुरूप पाठहरू पर्याप्त भएको देखिदैन ।

## आ पढाइ सीपअन्तरगत

क गति, यति र लय मिलाई पढ्न,

ख पोष्टर, भित्तेपात्रो, हस्तलिखित सामग्री आदि पढ्न,

ग चिठी, पत्र, समाचार र अन्य विवरणहरू पढ्न,

घ वालसाहित्यहरू सस्वर र मौनरूपमा पढ्न सक्ने जस्ता उद्देश्य राखिएको छ ।

पाठ्यपुस्तकमा पठनबोध सम्बन्धी पाठहरू सबैलाई मान्न सकिन्छ । अभ्यासमा यसका अतिरिक्त पाठबाहेकका अभ्यासहरू-

निमन्त्रणा पत्र १ ( अभ्यास १५, पृष्ठ ४०)

चुड्किला १ (अभ्यास ११, पृष्ठ ४७)

भित्तेपात्रो १ (अभ्यास ८, पृष्ठ ८०)

समाचार १ (अभ्यास १३, पृष्ठ ९७) रहेका छन् ।

यसबाट पाठ्यक्रमअनुसार सबै पाठ्यवस्तु समेटिएको देखिन्छ । पाठ्यक्रमले मौनपठन

पनि राखेको छ तर सो अनुरुप अभ्यासहरू राखिएको छैन । तापनि पाठ्यक्रमले निर्धारण गरेअनुसार पढाइसीपका अभ्यासहरू हुन सक्ने देखिन्छ ।

## इ लेखाइ

**लेखाइ सीपअन्तरगत :-**

क हिज्जे मिलाएर शब्द लेख्न,

ख बान्की मिलेका वर्णहरू ठीक दुरीमा लेख्न,

ग शुद्ध र सफासँग अनुलेखन गर्न,

घ सरल अनुच्छेदको श्रुतिलेखन गर्न,

ङ चित्र तथा अन्य सरल विषयवस्तुको लिखित वर्णन गर्न,

च निर्देशनका आधारमा तथा स्वतन्त्ररूपमा छोटा रचना तयार गर्न,

छ पूर्णविराम, अल्पविराम, प्रश्नवाचक र उद्धरण चिह्नको प्रयोग गर्न, सक्ने जस्ता उद्देश्य राखिएको छ ।

पाठ्यपुस्तकमा लेखाइ सीप सम्बन्धी अभ्यास राखिएका छन् । यस अन्तरगत अनुच्छेद लेखन एक

कथालेखन एक

बाबुको महिमाको वारेमा पाँच वाक्य लेख्न,

निमन्त्रणा पत्र तयार पार्न,

बैंक भौचर भर्न सिकाउने,

तिमीले जानेका पाँच वाक्य लेख,

चिठीमा खाली ठाउँ दिइ पूरा गर्न,

तलका शब्द प्रयोग गरी नेपालको वर्णन गर्न,

खाली ठाउँ भर्न,

दिइएका शब्द र अनुच्छेद शुद्धसँग लेख्न,

वाक्यमा उपयुक्त ठाउँमा चिह्न प्रयोग गर्न,

कोठेपदबाट शब्द खोजेर लेख्न,

किसान शीर्षकका बारेमा आफूले जानेका कुरा लेख्न,

आफ्नो विद्यालयको वर्णन गरेर साथीलाई चिठी लेख्न,

विद्यालयलाई निवेदन लेख्न,

जस्ता लेखनसीपका अभ्यासहरू राखिएको छ । श्रुतिलेखन अभ्यास राखिएको छैन पाठ्यक्रमले तोकेबमोजिम लेखन अभ्यास गराउन सक्ने देखिन्छ ।

## ४.१.१.२ भाषिक सीप विकासका क्षेत्र

### अ उच्चारण

उच्चारण भाषिक सीप विकासको क्षेत्र अन्तरगत शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न सक्ने उद्देश्य राखिएको छ । पाठ्यपुस्तकमा उच्चारण सम्बन्धी पाठहरू र अभ्यासहरू राखिएका छन् । रूपक विधाका दुइओटा पाठहरू उच्चारणसँग प्रत्यक्ष सम्बन्धित छन् तापनि उच्चारण पाठ्यवस्तु जुनसुकै विधासँग पनि सम्बन्धित हुन्छ । जस्तै : गति, यति र लय मिलाइ कविता वाचन गर्न, अन्य विधामा मौन तथा सस्वरवाचन गर्ने जस्ता पाठ्यवस्तु रहेका छन् । शब्दहरूको शुद्ध उच्चारण गर्ने अभ्यासहरू सवै पाठहरूको अभ्यासमा समावेश गरिएको छ ।

### आ बोध (श्रुति र पठन)

बोध भाषिक सीप विकासको उपक्षेत्र अन्तरगत सुनेका र पढेका विषयवस्तुमा सूचना र जानकारीबाट निष्कर्ष निकाली ब्यक्त गर्न र कुनै पाठ्यवस्तु सुनिसकेपछि वा कुनै अनुच्छेद पढी सोधिएका प्रश्नहरूको जवाफ दिन सक्ने उद्देश्य राखिएको छ ।

पाठ्यपुस्तकमा बोध सम्बन्धी पाठ तथा अभ्यासहरू राखिएका छन् । दुवै पाठ्यपुस्तकमा राखिएका पाठहरू पठनबोध हुने खालका नै छन् । मेरो नेपाली कक्षा चार र सजिलो नेपाली माला चारमा पनि प्रत्येक पाठको अभ्यासमा पठनवोध अभ्यास राखिएका छन् । यस अन्तरगत प्रश्नोत्तर, कसले कसलाई भनेको हो, ठीक बेठीक, पात्रो पढी सोधिएका प्रश्नको उत्तर दिने, अनुच्छेद पढी सोधिएका प्रश्नको जवाफ दिने, खाली ठाउँ पूरा गर्ने जस्ता प्रश्नहरू रहेका छन् । तर श्रुति वोध सम्बन्धी खासै अभ्यास दिएको छैन । बोधका अभ्यासहरूमा मौखिक अभिब्यक्तिका तुलनामा लिखित अभिब्यक्ति निकै कम रहेको देखिन्छ ।

## इ कार्यमूलक व्याकरण

कार्यमूलक व्याकरणअन्तरगत निम्न उद्देश्य राखिएका छन् :-

क लिङ्ग, वचन, पुरुष र आदरसँग क्रियापदको मेल गराएर बोल्न र लेख्न,

ख सामान्य वर्तमान काल, सामान्य भूतकाल र सामान्य भविष्यत काल प्रयोग गरी बोल्न र लेख्न,

वचनअन्तरगत एकवचनका दुई वा दुईभन्दा बढी पदबाट वहुवचन अनुसार कर्तासँग क्रियाको मेल गर्न ।

| जस्तै :- | एकवचन | वहुवचन |
|---|---|---|
| | सीता पढ्छे । | |
| | राम पढ्छ । | सीता र राम पढ्छन् । |

**लिङ्गअन्तरगत पुलिङ्ग र स्त्रीलिङ्ग अनुसार क्रियाको मेल गर्न ।**

| जस्तै :- | दिदी आउनुभयो । | सीता गई । |
|---|---|---|
| | भाइ आयो । | श्याम अयो । |

**त्यस्तै पुरुष अन्तरगत म, तँ, तिमी, तपाईं, ऊ, उनी र त्यो कर्तासँग उपयुक्त क्रियाको मेल गर्न ।**

| जस्तै :- | तँ गइस् । | उहाँ जानुभयो । |
|---|---|---|
| | तिमी आयौं । | तपाईं आउनुभयो । |

म खान्छु ।

**आदर अन्तरगत बाबा, आमा, दाजु, दिदी, भाइ, बहिनी जस्ता पदसँग क्रियाको मेल गर्न**

जस्तै :- आमा आउनुभयो । दिदी लेख्नुहुन्छ ।

भाइ आयो । बाबा खानुहुन्छ ।

बहिनी खेल्छे ।

**विशेषण र विशेष्यको सङ्गति मिलाएर बोल्न र लेख्न** ।

जस्तै :- मोटो ब्यक्ति आयो । रातो कपडा छ ।

अग्ला केटा आए ।

**काल अन्तरगत सामान्य वर्तमान काल, सामान्य भूतकाल र सामान्य भविष्यत् कालको प्रयोग गरी बोल्न र लेख्न ।**

जस्तै :- सामान्य वर्तमान तिमीले के गर्छौ ।

सामान्य भूतकाल तिमी हिजो कहाा गयौँ ?

सामान्य भविष्यत आउदो विदामा तिमी कहाँ घुम्न जान्छौं आदि ।

माथि उल्लेख गरिएको पाठ्यक्रमको ढाँचाबमोजिम कक्षा चारको नेपाली पाठ्यपुस्तकमा निम्नअनुसार अभ्यास समावेश गरिएको छ :-

लिङ्गअन्तरगत स्त्रीलिङ्ग र पुलिङ्गको उदाहरण सहित अर्थ बताउन, उदाहरण दिइ पढ्न र बुझ्न ।

वचनअन्तरगत एकवचन र वहुवचन छुट्याउने विविध अभ्यास दिई वाक्य वनाउन त्यस्तै पुरुष र कालको उदाहरण दिई प्रयोग गर्न ।

पुरुषअन्तरगत प्रथम पुरुष म, द्वितीय पुरुष तँ र तृतीय पुरुष ऊ को उदाहरण दिइ प्रयोग गर्न ।

कालअन्तरगत सामान्य वर्तमान, सामान्य भूत र सामान्य भविष्यत् कालको उदाहरण दिइ वाक्य परिवर्तन गर्नका साथै विभिन्न उदाहरणद्वारा कोष्टकमा दिइएको सङ्केत अनुरूप वाक्य परिवर्तन गर्न लगाइएको छ एवम् धातुमा एको, एका, एकी, तै, दै

जस्ता प्रत्यय लगाइ क्रियाका पूर्ण र अपूर्ण पक्षको जानकारी गराउने खालका अभ्यास राखिएको छ ।

त्यस्तै अन्यमा करण र अकरण सम्बन्धी जानकारी गराउने , कुनैपनि शब्द, वाक्य र अनुच्छेद लेख्दा पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, उद्धरण र विश्मयादिवोधक चिह्नको प्रयोग र परिभाषा गर्ने, शिरविन्दु र चन्द्रविन्दुको प्रयोग गर्ने, साधारण उखान टुक्काको प्रयोग गर्ने र तिनीहरूको अर्थ वताउने, निपात र अव्ययहरूको प्रयोग गर्ने, अनुकरणात्मक शब्दहरूको उदाहरण दिई प्रयोग गर्ने, नामयोगी, क्रियायोगी जस्ता शब्दहरू प्रयोग गर्ने, जस्ता अभ्यासहरू राखिएको छ ।

लिङ्गअन्तरगत नपुंसकलिङ्ग सम्बन्धी अभ्यास देखिदैन भने भविष्यत्कालको प्रयोग कम मात्रमा भएको देखिन्छ । त्यस्तै शुद्ध लेखन सम्बन्धी अभ्यास समावेश गरेपनि स, ष र श को प्रयोग सम्बन्धी खास अभ्यासहरू राखिएको देखिदैन । अन्य कुराहरू ठीकै मात्रमा समावेश गरेको पाइन्छ तर पनि कक्षा चारका विद्यार्थीहरूका लागि पूर्ण दिनसक्ने वा सक्षमता प्रदान गर्न सक्ने देखिदैन ।

## ई शब्दकोश

पाठ्यक्रमले शब्दकोशसम्बन्धी पाठ्यपुस्तकमा शब्दकोशको प्रयोग गरी मिलाउने

अभ्यास राखिएको छैन भने शब्द र अर्थको जोडा मिलाउने, उल्टो अर्थ दिने, सम्बन्धी अभ्यास प्रशस्त राखिएको छ । शब्दकोश हेर्ने सैद्धान्तिक अवधारणा भेटिदैन ।

## ४.१.१.३ शब्दभण्डार

पाठ्यक्रमले कक्षा चारको नेपाली विषयमा २५०० जति नयाँ शब्दहरू सिकाउने उद्देश्य राखेको छ । जसअन्तरगत सामान्यर्थक, विपरीतार्थक, अनुकरणात्मक, पर्यायवाची, अनेकार्थी, साँस्कृतिक, प्राविधिक, प्राकृतिक शब्द र नैतिक शब्दहरू पर्दछन् । पाठ्यपुस्तकमा करीब १७०० जति शब्दहरू रहेका छन् । जसमध्ये -

| | |
|---|---|
| शब्द र अर्थको जोडा मिलाउने | ३८० शब्द |
| अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने | १४० शब्द |
| उखानहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयेग गर्ने | २५ शब्द |
| उल्टो अर्थ दिने | १२ शब्द |
| अन्य | ११४३ शब्द |

रहेका छन् ।

### ४.१.१.४ वाक्यमा शब्द सङ्ख्या

पाठ्यक्रमले प्राथमिक तहमा  बढीमा ६, ७ शब्दसम्मका वाक्य बोल्न र लेख्न सक्ने उद्देश्य राखेको छ तर पाठ्यपुस्तकमा पाठ्यक्रमको अपेक्षित उद्देश्यलाई ख्याल नगरी गद्य तथा पद्य विधामा  अत्यन्तै छोटा १/२ शब्दका वाक्यहरू तथा कविताका पङ्तिहरू रहेका छन् भने कुनै २५ शब्दद्वारा संरचित वाक्य निर्माण भएका छन् । यी लामा वाक्यहरू विद्यार्थीको स्तर अनुकूल देखिदैनन् ।

## ४.२ क्षेत्र तथा क्रम र पाठहरू

पाठ्यक्रमले निर्दिष्ट गरेअनुरूप पाठ्य क्षेत्रका उद्देश्य पूर्तिका लागि मेरो नेपाली कक्षा चार र सजिलो नेपाली माला चारमा विभिन्न छ ओटा विधा अन्तरगत २१ र २४ ओटा पाठहरूलाई यी पाठ्यसामग्रीमा समेटिएको छ । विधागत पाठसङ्ख्या र क्षेत्रका दृष्टिबाट हेर्दा कविता विधा अन्तरगत ५/५ ओटा समावेश गरिएको छ । यो पाठ्यक्रम अनुरूप उपयुक्त नै देखिन्छ । कथा विधामा मेरो नेपालीमा ६ ओटा र सजिलो नेपालीमा ८ ओटा कथा समावेश गरिएको छ । पाठयक्रमले  निर्दिष्ट गरेअनुरूप मेरो नेपालीमा ठीक मात्रमा समावेश गरिएको छ भने सजिलो नेपालीमा २ ओटा वढी रहेको देखिन्छ त्यस्तै संवाद विधाअन्तरगत दुवैमा २/२ ओटा संवाद राखिएको छ भने दुवैमा वादविवाद र एकाङ्की राखिएको छैन । यस विधामा पाठ्यक्रमले निर्दिष्ट गरेअनुरूप अपुग देखिन्छ । त्यसैगरी चिठी अन्तरगत मेरो नेपालीमा ब्यक्तिगत र कार्यालयीय गरी दुईओटा समावेश गरिएको छ भने सजिलो नेपालीमा एउटा ब्यवहारिक चिठी मात्र समावेश गरिएको छ यसमा पाठ्यक्रमले निर्दिष्ट गरेअनुरूप कम देखिन्छ ।

त्यस्तै जीवनी विधा अन्तरगत मेरो नेपालीमा समावेश नै गरेको छैन भने सजिलो नेपालीमा एउटा राष्ट्रिय जीवनीअन्तरगत पौरखी राजा द्रब्य शाह राखिएको छ । त्यसैगरी प्रबन्धअन्तरगत मेरो नेपालीमा ६ ओटा र सजिलो नेपालीमा ७ ओटा राखिएको छ । यो विधा दुवैमा उपयुक्त नै देखिन्छ ।

पाठ्यक्रमले तोकेका समग्र पाठ्यक्षेत्र हेर्दा खेलकुद समेटिएको छैन भने गाउँखाने कथा सजिलो नेपालीमा नभइ मेरो नेपालीमा केही मात्रमा समावेश गरिएको छ हँस्यौली चुड्किला अत्यन्तै कम प्रयोग गरिएको देखिन्छ । तरपनि पाठ्यक्रम निर्माण निकायबाटै अनिवार्य पाठ्यपुस्तकरूपमा विकास गरिएको पाठ्यपुस्तक मेरो नेपाली कक्षा चारमा

जम्मा २१ ओटा पाठहरू राखिएको छ । यो कमजोरी नै देखिन्छ भने विधागत दृष्टिबाट अन्य पाठहरूको चयन उपयुक्त नै देखिन्छ ।

विधागत पाठहरू पाठ्यपुस्तकमा चयन गर्ने क्रममा शुरूमा कविता विधा राखिएकोले यो रोचकपूर्ण नै मानिन्छ । पाठहरूको थप क्रम कविता, कथा, प्रबन्ध, कविता, कथा, प्रबन्ध, संवाद, कथा, प्रबन्ध, चिठी, कविता, कथा गर्दै सोही क्रममा राखिएको छ । पाठहरूको आन्तरिक लम्बाइका दृष्टिबाट विश्लेषण गर्दा कविताका पंक्तिहरू क्रमश: बढेर जानुपर्ने देखिन्छ । भाषिक संरचना र शैलीले पनि लम्बाइमा प्रभाव पार्ने हुनाले क्रम मिलाउनु अझ उपयुक्त मानिन्छ ।

## ४.३ कक्षा चारको नेपाली भाषा पाठ्यक्रमका आधारमा सजिलो नेपाली माला चार

पाठ्यक्रम र पाठ्यपुस्तकका बीचमा अन्तर हुनाको कारण संस्थागत रूपबाट र व्यक्तिगत रूपबाट प्रकाशन हुनुलाई पनि भन्न सकिन्छ । मेरो नेपाली कक्षा चार सरकारी तवरबाट प्रकाशित र अनिवार्यरूपमा लागु गर्नुपर्ने पाठ्यपुस्तक हो ।

सजिलो नेपाली माला चार निजी तवरबाट प्रकाशित गरिने स्वइच्छाले निजी विद्यालयमा प्रयोग गरिने अनि पाठ्यक्रम निर्माण सँस्थाबाट पाठ्यपुस्तकका रूपमा स्वीकार नगरिएकोले मेरो नेपाली पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रको स्वीकृत अनुसार पाठ्यक्रमकै आधारमा प्रकाशन गरिएको हुनाले पाठ्यक्रमअनुरूप सजिलो नेपाली माला चार छ की छैन भन्ने कुरा पत्ता लगाउन निम्न आधारमा तुलना गरिएको छ ।

### ४.३.१ उद्देश्य र पाठहरू

यस पाठ्यसामग्रीका हरेक विधामा पृष्ठको अन्त्यमा शब्द र अर्थले विद्यार्थीको शब्दभण्डार सम्बन्धी ज्ञान हाशिल गर्ने देखिन्छ । त्यस्तै प्रश्नोत्तरले विद्यार्थीको पठनबोध र लेखनसीप सम्बन्धी क्षमता हाशिल गर्ने उद्देश्य पूरा गर्ने खालका देखिन्छन् । तलका हरफहरूको अर्थ भन जस्ता अभ्यासले बोध र अभिव्यक्ति क्षमता हासिल गर्ने उद्देश्य रहेको देखिन्छ । ठीक शब्द छानेर खाली ठाउँ भर र तालिकाबाट वाक्य बनाऊ भन्ने अभ्यासले शब्दको सही प्रयोगका साथै कार्यमूलक व्याकरणको अभ्यास गराउनेमा जोड दिन खोजेको पाइन्छ । शुद्ध लेख्न शुद्ध उच्चारण गर्न र सही लेख्य चिह्नको प्रयोग गर्न पढाइ लेखाइ सम्बन्धी अभ्यास दिइएको छ । ठीक बेठीक अभ्यास छनौट गर्ने अभ्यासले

शब्दभण्डार सीपको विकासमा सहयोग पुर्‍याउने देखिन्छ । त्यसैगरी पाठ्यक्रमले अपेक्षा गरेका भाषिक सीपलाई क्षेत्रगतरूपमा यसरी देखाइएको छः-

### ४.३.१.१ भाषिक सीप

#### अ सुनाइ/बोलाइ

पाठ्यसामग्रीमा सुनाइ बोलाइ सीपको अभिबृद्धि गर्नका लागि रूपक विधा अन्तरगतका पाठहरूले केही मात्रमा समेटेको पाइन्छ । कविता विधा अन्तरगत रहेका ५ ओटा कविताका अभ्यासहरूमा लय हालेर कविता पढ्ने अनि केही हरफ दिएर भाव विस्तार गर समेत भनिएको छ । त्यस्तै रूपक विधाअन्तरगत रहेका संवादहरूले पनि सुनाइ/बोलाइ सीपको विकासमा टेवा पुर्‍याउने देखिन्छ । विभिन्न विधाका पाठमा रहेका शुद्धसँग पढ र उच्चारण गर भन्ने अभ्यासले पनि सुनाइ बोलाइ सीपको विकास गर्न सक्ने देखिन्छ । यसरी पाठ्यक्रमले निर्धारण गरेको समय र स्तरअनुरूप यी अभ्यासहरू कम र र अपर्याप्त जस्तो देखिन्छन् ।

#### आ पढाइ

पाठ्यसामग्रीमा रहेका सबै पाठहरूले पठनबोधको विकासमा अभिबृद्धि गर्नुमा स्वभाविक टेवा पुर्‍याउनुका साथै अनुच्छेद दिएर त्यससँग बोध प्रश्न राखी पठनबोधको विकास गराउन खोजिएको छ । पाठसँग सम्बन्धित प्रश्नोत्तर र ठीक उत्तर छान जस्ता ३२ ओटा अभ्यासहरू राखिएका छन् । त्यस्तै पठनलाई सहयोग पुर्‍याउन मिल्दो अमिल्दो शब्द छान, ठीक बेठीक छुट्याऊ, सबभन्दा ठीक उत्तरमा सही चिनो लगाऊ, नमिल्दो शब्द छान, कसले कसलाई भनेको हो जस्ता अभ्यासहरू राखिएको छ । यी अभ्यासका माध्यमले पढाइ सीपको विकास गराउन पाठ्यसामग्रीले खोजेपनि अपेक्षा गरेबमोजिम अभ्यास अपुग देखिन्छ ।

#### इ लेखाइ

पाठ्यसामग्रीले लेखाइ सीपलाई बढी जोड दिएको पाइन्छ । अभ्यासमा पनि सबैभन्दा धेरै लेखनसीपमा नै आधारित देखिन्छन् । जस्तै :- अनुच्छेद लेखन, प्रश्नोत्तर लेखन, चिठी कविता संवाद कुनै एकको लेखन, कुनै जनावरको वर्णन, पहाडको वर्णन गर्ने जस्ता अनुच्छेद लेखन, क्रम मिलाउने, कसले कसलाई भनेको हो, शुद्ध लेख्ने, चित्र वर्णन, अर्थ लेख्ने, तालिकाको प्रयोगद्वारा वाक्य वनाउने जस्ता अभ्यासहरू राखिएको छ । यसरी सजिलो नेपाली माला चारमा पाठ्यक्रमले लेखाइ सीपमा तोकिएको उद्देश्य

बमोजिम नै अभ्यासहरू दिइएको छ त्यसैले अन्य अभ्यासहरू भन्दा लेखाइसीप सँग सम्बन्धित अभ्यासहरू सन्तोषजनक नै देखिन्छन् ।

## ४.३.१.२ भाषिक सीप विकासका क्षेत्रहरू

### अ उच्चारण

उच्चारणमा शुद्धता ल्याउनका लागि पाठ्यसामग्रीमा उच्चारण सम्बन्धी अभ्यासहरू राखिएका छन् । उच्चारण सीपमा दक्ष भएर मात्र शब्दभण्डारमा विकास हुन सक्छ । यदि उच्चारणमा स्पष्ट छैन भने, सुनाइ बोलाइको समायोजन हुन नसके शब्दभण्डारको विकास हुन सक्दैन । उच्चारण सीपमा दक्ष बन्नका लागि धेरै पाठका अभ्यासमा शुद्ध उच्चारण गर्ने, प्रत्येक कवितामा कविता लय हालेर पढ्ने, चित्रको मौखिक वर्णन गर्ने जस्ता अभ्यास राखिएको छ । प्रस्तुत अभ्यासले उच्चारण सीपको विकास गर्न खोजिएको देखिन्छ ।

### आ बोध (श्रुति/पठन)

पाठ्यसामग्रीमा पठनबोधको विकासका लागि प्रत्येक पाठका अभ्यासमा बोध प्रश्नहरू राखिएका छन् । त्यसैगरी ठीक उत्तर छान, ठीक बेठीक छुट्याऊ, जोडा मिलाउ, खाली ठाउँ भर, कविता पूरा गर, तलका हरफहरूको अर्थ भन, शब्द छानेर खाली ठाउँ भर, पढ, बुझ र गर, उल्टो अर्थ आउने शब्दसँग जोडा मिलाउ जस्ता अभ्यासका माध्यमबाट पठनबोधलाई टेवा पुगेको देखिन्छ ।

### इ कार्यमूलक व्याकरण

व्याकरणलाई अलग्गै नराखी पाठमै समायोजन गरी राखिएको छ र अभ्यासहरूमा पनि व्याकरण सम्बन्धी विषयवस्तु समेटिएको छ । पर्यायवाची र विपरीतार्थक शब्दसँग जोडा मिलाऊ, पर्यायवाची र विपरीतार्थक शब्द लेख भनी अभ्यास राखिएको छ । नाम, सर्वनाम, विशेषण र क्रियापदहरूको परिभाषा सहित नदिइएपनि वाक्य र अनुच्छेद दिएर नाम, सर्वनाम, विशेषण र क्रियापद छुट्याउन लगाइएको छ । पाठबाट कुनै पाँचओटा विशेषण शब्द, सर्वनाम शब्द खोजेर लेख भनी अभ्यासमा राखिएको छ । कुनै एक वाक्यमा उदाहरण दिई दिइएका वाक्यमा सर्वनामको प्रयोग गर भनिएको छ । पाठबाट तीनवटा विशेषण शब्द खोज र ती शब्द प्रयोग गरी वाक्य बनाऊ भनिएको छ । त्यसैगरी दिइएका वाक्यमा कमा, पूर्णविराम र प्रश्नवाचक चिह्नको प्रयोग गर भनी विद्यार्थीलाई व्याकरण सम्बन्धी ज्ञान हाशिल गराउन खोजिएको छ ।

यसरी यस्तै तरीकाबाट व्याकरणको जानकारी गराएता पनि सबै किसिमका व्याकरणको समावेश गरिएको छैन । पाठ्यक्रमअनुरूप व्याकरणमा विद्यार्थीलाई तहगतरूपमा सक्षम बनाउनका लागि व्याकरणात्मक अभ्यासमा थप जोड दिनुपर्ने देखिन्छ ।

### ई शब्दकोष

यस पाठ्यसामग्रीमा शब्दकोश सम्बन्धी खासै अभ्यास गराइएको पाइदैन ।

### ४.३.१.३ शब्दभण्डार

कक्षा चार मा पाठ्यक्रमले आफ्नो परिवेश र अन्य क्षेत्रका २५०० शब्दसम्मको शब्दभण्डार बृद्धि गर्नु अपेक्षित मानिएता पनि त्यस अनुसारबृद्धि भएको देखिदैन ।

### ४.३.१.४ वाक्यमा शब्द सङ्ख्या

पाठ्यक्रमले छ, सात शब्दसम्मका वाक्य बोल्न र लेख्न सक्ने अपेक्षा गरेको भएपनि पाठ्यसामग्रीमा दुई शब्दे वाक्य सुन सुक्यो । सत्यनाश भयो । (सुनको खेती पृष्ठ ४) र नेपालको पहाडमा राई, लिम्बू, मगर, शेर्पा, तामाङ, गुरुङ नेवार, थकाली, छेत्री, वाहुन, कामी, दमाई, सार्की आदि जातका मानिसहरु वस्छन् । (पहाड पृष्ठ ८५) १९ शब्दले संरचित वाक्य रहेका छन् । यो पाठ्यक्रम अनुरुप कक्षा ४ का विद्यार्थीहरूलाई मिल्दो जुल्दो देखिदैन ।

### ४.३.२.२ क्षेत्र तथा क्रम र पाठहरू विधासहित

पाठ्यक्रम अनुरूप विधाहरूको क्रममा यस पाठ्यसामग्रीमा सरस्वती वन्दना नामक नैतिक कविता राखिएको छ । विधागत पाठसङ्ख्या र क्षेत्रका दृष्टिबाट हेर्दा पाठ्यक्रममा विभिन्न पाँचओटा कविता, आठओटा कथा, सातओटा प्रबन्ध, दुइओटा संवाद, एक जीवनी र एक चिठी रहेका छन् । यी विधाहरू पाठ्यक्रमअनुरूप कुनै कम र कुनै धेरै रहेका छन् । जस्तै कथा आठओटा राखिएको छ यो विधा अलि धेरै सङ्ख्यामा रहेको छ भने चिठी एउटामात्र कार्यालयीय नराखी ब्यक्तिगत मात्र राखिएको छ । अन्य विधा ठीकै मात्रमा रहेका छन् भने चिठी कार्यालयीय पनि राख्नुपर्ने देखिन्छ । त्यसैगरी प्रबन्ध सात ओटा राखिएको छ यिनी पनि केही कम गर्नुपर्ने देखिन्छ। कविता विधा पाँचओटा राखिएकोमा पाठ्यक्रम अनुरूप यो विधा स्वभाविक देखिन्छ ।

पाठ्यक्रमले निर्दिष्ट गरेका समग्र पाठ्यक्षेत्र हेर्दा खेलकुद, गाउखाने कथा, चुट्किला, उखान टुक्का आदि पाठहरूमा नराखी सामान्यतया अभ्यास गरेको देखिन्छ ।

यसरी पाठ्यक्रमअनुरूप निर्माण गर्दा यस पाठ्यसामग्रीमा रहेका विधा सङ्ख्यालाई कुनै कम गर्नुपर्ने र कुनै ज्यादै गराउनुपर्ने देखिन्छ ।

## ४.४ भाषा पाठ्यपुस्तक अध्ययन र विश्लेषणका आधारमा सामग्रीहरू

भाषा पाठ्यपुस्तकलाई आन्तरिक र बाह्य गरी दुई प्रकारमा अध्ययन गर्ने गरिन्छ यसै आधारमा यहाँ मेरो नेपाली कक्षा चार र सजिलो नेपाली माला कक्षा चारको तुलना गरिएको छ ।

### ४.४.१ क आन्तरिक वा शैक्षिक पक्ष

मेरो नेपाली कक्षा चार र सजिलो नेपाली माला कक्षा चार दुवै पाठ्यपुस्तक नेपाली भाषा पाठ्यक्रम अनुरूप तयार पारिएका छन् । दुवैमा सङ्कलन गरिएका विषयवस्तु पौराणिक, सामाजिक, धार्मिक, नैतिक, चारित्रिक, उपदेशात्मक, सूचनामूलक, प्राकृतिक, वर्णन आदि क्षेत्रलाई आधार बनाएर निर्माण गरिएका छन् । तरपनि घरपरिवार, समुदाय, संस्कृति, चाडपर्व, झल्काउने, भौगोलिक विविधता, लैङ्गिक समानता आदि पक्षलाई समेट्न सक्ने जस्तो देखिदैन ।

सजिलो नेपाली माला चारमा सम्पादित पाठ्यविधाहरू पाठ्यक्रमअनुरूप नै भएपनि चाडपर्व, खेलकुद, चुकिट्ला, गाउँखाने कथा, शब्दकोशको प्रयोग आदि सम्बन्धी खासै चर्चा पाइदैन । अभ्यासमा राखिएका विषयवस्तु पहिलोमा भन्दा केही कम छन् । व्याकरणात्मक अभ्यासहरू पनि दोस्रोमा भन्दा पखिलोमा नै उपयुक्त रहेका छन् । पाठ्यपुस्तकमा विधाको रखाइक्रमका आधारमा पनि मेरो नेपालीमा नै उपयुक्त तरीकाले नै राखिएको पाइन्छ ।

### ख विधा तथा प्रस्तुती

भाषा पाठ्यपुस्तकमा विधाको उपयुक्त संयोजन हुन आवश्यक छ । सबै विषयवस्तु सबै विधाका एकैनाशले अटाउन सक्दैनन् । एउटा विधाले समेट्ने क्षेत्र अर्को विधाले कहिल्यै पनि समेट्न सक्दैन । विधाको छनोट तथा स्तरण गदा विद्यार्थीको भाषिक, सामाजिक, साँस्कृतिक, बौद्धिक तथा संवेगात्मक पृष्ठभूमि हुनुपर्छ । यहाँ छनोट गरिएका विधा तथा पाठहरूलाई पाठ्यक्रम अनुरूप निम्न तालिकामा यसरी देखाइएको छ :-

## तालिका नं. ६

### दुवै पुस्तकमा रहेका विधागत पाठहरू निम्न अनुसार प्रस्तुत गरिएको छ

| क. सं | विधा | पाठ्यक्रम | मेरो नेपाली | सजिलो नेपाली | कैफियत |
|---|---|---|---|---|---|
| १ | कविता | ५ | ५ | ५ | - |
| २ | कथा | ६ | ६ | ८ | २ |
| ३ | प्रबन्ध | ६ | ६ | ७ | १ |
| ४ | रूपक | २ | २ | २ | - |
| ५ | जीवनी (राष्ट्रिय) | १ | - | १ | १ |
| ६ | चिठी (व्यवहारिक र कार्यालयीय) | २ | २ | १ | १ |
| | जम्मा | २२ | २१ | २४ | ३ |

मेरो नेपाली कक्षा चार र सजिलो नेपाली माला चार दुवै सामग्रीमा सम्पादित पाठहरू पाठ्यक्रम भन्दा खासै बाहिर नगएपनि दुवै पाठ्यसामग्रीमा पाठ्यक्रमले निर्देशित गरेअनुरूप विधा अन्तरगतका पाठहरू केही कम र केही बेसी देखिन्छन् । पाठसङ्ख्याका आधारमा मेरो नेपाली कितावमा एकले कमी देखिन्छ भने सजिलो नेपाली माला चारमा दुइले बढी देखिन्छ । मेरो नेपाली कितावमा अन्य विधा पाठ्यक्रमअनुरूप रहेपनि राष्ट्रिय जीवनी हुनुपर्नेमा त्यो राखिएको छैन ।

त्यस्तै सजिलो नेपाली माला चारमा कविता पाठ्यक्रमअनुरूप रहेपनि कथा दुइले र प्रबन्ध एकले बढी रहेका छन् भने जीवनी पाठ्यक्रमअनुरूप राष्ट्रिय हुनुपर्नेमा त्यो रहेको छ र चिठी व्यवहारिक र कार्यालयीय गरी २ हुनुपर्नेमा एक व्यवहारिक मात्र रहेको छ । यसरी कक्षा चारको पाठ्यक्रमले तोके बमोजिम दुवै पुस्तकमा विधाहरू कुनै कम र कुनै ज्यादा रहेका छन् । समष्टीमा हेर्दा दुवै पुस्तकमा त्यति अनुपयुक्त भने देखिदैन । दुवै पाठ्यपुस्तक पाठ्यक्रमको नजिक देखिन्छन । विधागत पाठहरूको तुलना गर्दा दुवैमा

पहिलो पाठमा कविता रहेको छ भने दोस्रोमा कथा र तेस्रोमा प्रबन्ध राखिएको छ । त्यसैगरी विधागतरूपमा समावेश गरिएको छ ।

## ग भाषिक संरचना र शैली

भाषा पाठ्यपुस्तकमा भाषिक संरचना र शैली विद्यार्थीहरूको क्षमता अनुकूल शुद्ध र सन्देशमूलक हुनुपर्दछ । प्रथमिक तहमा प्रयोग हुने भाषा पाठ्यपुस्तकको भाषिक संरचना र शैली प्राथमिक तहअनुरूप हुनुपर्दछ । भाषिक संरचना र शैलीका दृष्टिबाट दुवै सामग्रीको तुलना गरिएको छ ।

यी दुवै पाठ्यसामग्रीमा प्रत्येक विधागत पाठको अन्त्यमा र अभ्यासको बीचमा राखिएको नयाँ शब्द र अर्थलाई शब्दभण्डार मान्न सकिन्छ । मेरो नेपालीमा शब्द र अर्थको जोडा मिलाउने अभ्यासद्वारा र सजिलो नेपालीमा शब्दार्थ भनेर समावेश गरिएको छ । यस्ता शब्दहरू मेरो नेपालीमा २१२ र सजिलो नेपालीमा २८७ ओटा रहेका छन् । पाठ्यक्रमले करीब ५०० जति नयाँ शब्द सिकाउने लक्ष्य राखेपनि दुवै सामग्रीमा शब्द सङ्ख्या कम रहेको देखिन्छ । दुवैलाई पाठ्यक्रमअनुरूप नभएको मानिन्छ । शाब्दिक कठीनाइका हिसावले हेर्दा मेरो नेपालीमा बिल्लीबाठ, उपद्रव, मुग्ध, सुनवड्कौली, वित्थामा जस्ता कठीन र स्तर अनुकूल नदेखिएका शब्द छन् भने सजिलो नेपालीमा समिधा, दरिद्र, जुठेल्नो, दिलोज्यान, सुद्धी जस्ता विद्यार्थी क्षमताअनुरूप वोधगम्य हुन नसक्ने शब्दहरूको प्रयोग भएको देखिन्छ ।

लम्वाइका दृष्टिबाट विधागत पाठहरूको संरचना हेर्दा मेरो नेपालीमा शुरूमै १८ हरफको कविताबाट भएको छ । त्यसपछि क्रमश : १०, १६, १२, १२ हरफका कविता रहेका छन् । सजिलो नेपालीमा १६, १२, ८, १८ र १५ हरफका कविता रहेका छन् कथाहरूमा मेरो नेपालीमा सबैभन्दा छोटो बूढाबा ७३ वाक्यमा र सवैभन्दा लामो पछुतो १०० वाक्यमा रहेको छ । जुन एउटा अलि छोटो र अन्य मिल्दाजुल्दा देखिन्छन् ।

सजिलो नेपालीमा कथाको तुलना गर्दा सबभन्दा छोटो लोभी ब्यापारी र इमान्दार गधा ४१ वाक्यमा र सबैभन्दा लामो सुदामा र कृष्ण ८६ वाक्यमा रहेको छ भने अन्य मिल्दाजुल्दा नै छन् । यसरी कुनै अलि छोटा र कुनै अलि लामा रहेका देखिन्छन् । प्रबन्ध विधा पनि कुनै लामा र कुनै छोटा रहेका छन् ।

चिठी मेरो नेपालीमा पाठ्यक्रमअनुरूप ब्यक्तिगत र कार्यालयीय दुवै समावेश छन् भने सजिलो नेपालीमा कार्यालयीय नराखी ब्यक्तिगत मात्र राखिएको छ । जीवनी पनि मेरो नेपालीमा कुनै समावेश गरिएको छैन भने सजिलो नेपालीमा राष्ट्रिय जीवनी समावेश गरिएको छ ।

समग्रमा वाक्य संरचनाका दृष्टिकोणले दुवै पुस्तकमा रहेका पाठहरू उपयुक्त नै देखिन्छन् भने पाठ्यक्रमअनुसार पाठसङ्ख्या मेरो नेपालीमा कम र सजिलो नेपालीमा बढी समावेश गरिएको छ । यसमा विद्यार्थीको स्तर अनुकूल उपयोगी रहेपनि कथा र प्रबन्ध विधा कम गर्नुपर्ने देखिन्छ ।

गद्य र पद्य विधाका पाठहरू दुवै किताबमा एउटै समावेश भएको पाइदैन । दुवैमा रहेको कविता विधा समान स्तरका र उपदेशात्मक नै पाइन्छन् । गद्य पाठहरूमा सरल, संयुक्त र मिश्र वाक्यहरुको समिश्रण रहेको पाइन्छ । वाक्यमा शब्द संरचनाका दृष्टिकोणले विश्लेषण गर्दा मेरो नेपालीमा २ देखि २५ शब्दद्वारा संरचित पूर्ण वाक्य निर्माण भएका छन्  भने सजिलो नेपालीमा २ देखि १९ शब्दद्वारा संरचित वाक्य रहेका छन् ।  औषत रुपमा ९ देखि ११ शब्दद्वारा संरचित वाक्य रहेका छन् । व्याकरणकालागि छुट्टै विषयवस्तु नराखिएपनि दुवैमा अभ्यासहरू राखिएको छ ।

व्याकरण सम्बन्धी अभ्यासहरू मेरो नेपालीको तुलनामा सजिलो नेपालीमा प्रत्यक्ष र बढी राखिएको छ । पाठ्यक्रम अनुरुप दुवैको तुलना गर्दा सजिलो नेपालीको तुलनामा मेरो नेपाली पाठ्यक्रमको नजिक रहेको देखिन्छ ।

## घ  नमुना अभ्यास

भाषा शिक्षण भाषिक सीपपरक हुनाले पाठबाटमात्र सम्भव नभइ अभ्यासको  पनि आवश्यक पर्दछ ।  अभ्यासद्वारा नै विद्यार्थीको मौलिकता जाँच्न सकिने हुनाले जुनसुकै विधाको अन्त्यमा अभ्यास समावेश गर्नुपर्ने जरूरी हुन्छ । पाठ्यपुस्तकमा राखिएका अभ्यासहरूले संपूर्णता नसमेट्ने हुनाले यिनलाई नमुना अभ्यास मात्र मान्न सकिन्छ । त्यसैले मेरो नेपाली र सजिलो नेपाली दुवै सामग्रीमा अभ्यास राखिएका छन् ।

दुवै पुस्तकमा पहिलो पाठको अभ्यासमा समावेश गरिएका अभ्यासका स्वरूपहरू क्रमशः मेरो नेपालीमा कविता लयसँगै सुनाऊ, तलका शब्द प्रष्टसँग उच्चारण गर, तलका शब्द सच्चाइ लेख, कवितामा प्रयोग भएका नदीका नाम लेख, शब्द र अर्थको जोडा मिलाऊ, प्रश्नोत्तर, उदाहरणमा दिएजस्तै कविताबाट शब्द खोजेर लेख, कविताको पंक्ति पूरा गर, उदाहरणका आधारमा शब्दको रूप बदल, तलका शब्दलाई वाक्यमा प्रयोग गर, पढ, बुझ र सार, उत्तर लेख, वाक्यमा प्रयोग गर, चित्रको वर्णन गर, तलका शब्द प्रयोग गरी नेपालको वर्णन गर जस्ता अभ्यासहरू छन् भने सजिलो नेपाली माला चारमा पनि यसै अनुरूपको अभ्यास समावेश गरिएको छ ।

मेरो नेपालीमा शब्दार्थलाई अभ्यास मानेर प्राय  चौथो र पाँचौं नम्बरमा शब्द र अर्थको जोडा मिलाऊ भनी दिइएको छ भने  सजिलो नेपालीमा शब्दार्थलाई शुरूमै

शब्दको अर्थ भनी राखिएको छ । अभ्यासको संरचनालाई हेर्दा मेरो नेपालीमा ८ देखि १६ ओटा सम्म अभ्यास राखिएको छ भने सजिलो नेपालीमा ७ देखि १७ ओटा अभ्यास समावेश गरिएको छ । दुवै पाठ्यसामग्रीका एकै प्रकृतिका अभ्यास सङ्ख्या तालिकामा यसरी देखाइएको छ :-

**तालिका नं. ७**

**दुवै सामग्रीमा रहेका नमुना अभ्यासहरू**

| क.सं | अभ्यास | मेरो नेपाली | सजिलो नेपाली |
|---|---|---|---|
| १ | शब्दभण्डार | २४ | २६ |
| २ | वाक्य वनाउने | ३० | ३४ |
| ३ | वाक्य पूरा गर्ने | १५ | १२ |
| ४ | अनुच्छेद लेखन | १५ | २४ |
| ५ | प्रश्नोत्तर | ४१ | २७ |
| ६ | शुद्ध पढ्ने लेख्ने | ३५ | २० |
| ७ | पठनवोध (पाठवाहेक) | २० | १० |
| ८ | लय हालेर पढ्ने | ५ | ५ |
| ९ | बहुबैकल्पिक | ८ | २० |
| १० | व्याकरणात्मक अभ्यास | १८ | ३० |
| ११ | चित्र वर्णन | ४ | ३ |
| १२ | गाउँखाने कथा | २ | - |
| १३ | अन्य | ५५ | ८६ |

| | | | |
|---|---|---|---|
| | | | |
| | जम्मा | २७२ | ३०७ |

माथिको अभ्यास तालिकालाई हेर्दा मेरो नेपालीको तुलनामा सजिलो नेपालीमा केही मात्रमा बढी रहेको छ । अभ्यासको विविधतालाई हेर्दा कुनै अभ्यास मेरो नेपालीमा ज्यादा छ त कुनै अभ्यास सजिलो नेपालीमा ज्यादा छ । दुवैमा अभ्यासको सवैजसो स्वरूप भने सजिलो नेपालीमा नमुना अभ्यास नै राखिएको छैन । त्यसैगरी व्याकरणात्मक अभ्यास मेरो नेपालीको तुलनामा सजिलो नेपालीमा प्रत्यक्ष र वढी मात्रमा समावेश गरिएको छ । त्यस्तै अन्य अभ्यासहरू केही कम र केही बेसी भएपनि तुलनात्मक रूपमा सुहाउदो नै देखिन्छ । दुवै सामग्रीले सुनाइ, बोलाइ र पढाइलाई भन्दा लेखाइमा वढी जोड दिएको छ । समग्रमा हेर्दा नमुना अभ्यासको दृष्टिले सजिलो नेपाली प्रभावकारी देखिन्छ ।

## ङ चित्र

बालबालिकालाई चित्रअनुसार विषयवस्तु अध्ययनमा रूचि जगाउने उद्देश्यले पाठ्यसामग्रीमा चित्र समावेश गर्नु उपयुक्त देखिन्छ । यी दुवै सामग्रीमा चित्रको समावेश गरिएको छ । चित्रहरू विषयवस्तुअनुरूप नै देखिन्छन् । तुलनात्मक दृष्टिले हेर्दा मेरो नेपाली किताबमा चित्रहरू पर्याप्त मात्रमा समावेश गरिएको छ तर चित्रहरू केही साना प्रकृतिका रहेका छन् । सजिलो नेपालीमा अलि कम चित्र समावेश गरिएता पनि चित्र केही ठूला र स्पष्ट रहेका छन् । दुवै सामग्रीको अभ्यासमा कम चित्रहरू राखी वर्णन गर्न दिइएको छ भने सजिलो नेपालीको अभ्यासमा पाठको चित्र हेरी वर्णन गर भनिएको छ । दुवैको विश्लेषण गर्दा विद्यार्थीलाई आकर्षित गर्ने खालका र स्पष्ट चित्र सजिलो नेपालीमा रहेका छन् ।

## च भूमिका निर्देशन आदि

पाठ्यसामग्रीको शुरुमै परिचय तथा प्रयोग सम्बन्धी केही जानकारी राखिनुपर्दछ यी दुवै सामग्रीमा त्यस्ता जानकारी छन् । मेरो नेपाली किताबमा ५ पृष्ठहरू भूमिका खण्ड अन्तरगत राखी चौथो पृष्ठ खाली राखिएको छ । पहिलो र दोस्रो पृष्ठमा पुस्तकको नाम, प्रकाशक र प्रकाशित मिति आदि कुराहरू उल्लेख गरिएको छ । तेस्रो पृष्ठमा हाम्रो भनाइ राखी पाँचौ पृष्ठमा विषयसूची र विधासमेत उल्लेख गरिएको छ र छैठौ पृष्ठ खाली राखिएको छ ।

सजिलो नेपालीमा पहिलो र दोस्रो पृष्ठ  खाली राखी तेस्रो र चौथो पृष्ठमा पुस्तकको नाम दिई लेखन तथा सम्पादनहरूको नाम उल्लेख गरी प्रकाशकसमेत उल्लेख गरिएको छ । छैठौं पृष्ठमा विषयसूची राखी कुनैमा विधासमेत उल्लेख गरिएको छ । मेरो नेपालीको तुलनामा सजिलो नेपालीमा लेखन तथा सम्पादन र प्रकाशकको नाम स्पष्टरूपमा उल्लेख गरिएको छ । दुवै सामग्रीमा सातौं पृष्ठदेखि विधागत पाठहरू समावेश गरिएको छ ।

### ४.४.२ बाह्य वा भौतिक पक्ष

### क  आवरण पृष्ठ

बालबालिकाको स्तरअनुरूप पाठ्यपुस्तकको आवरण पृष्ठ आकर्षक,बलियो र रङ्गिन हुनु आवश्यक हुन्छ । यस आधारमा हेर्दा मेरो नेपाली किताबको आवरण पृष्ठ सामान्य कलात्मक र साधारण रङ्गिन छ । पछाडिको पृष्ठमा कक्षागत गीत राखिएको छ । सजिलो नेपाली माला चारको आवरण पृष्ठ कलात्मक, विविधतायुक्त तथा रङ्गिन रहेको छ भने पछाडिको पृष्ठमा कक्षागत गीत नराखी हाम्रा प्रकाशनहरू राखिएको छ ।

मेरो नेपालीको अगाडिको पृष्ठमा बालबालिकाले विद्यालयको प्राङ्गणमा खेलिरहेको चित्र छ  र सजिलो नेपालीमा स्वच्छ हिमालयको चित्रका साथै दुई जना विद्यार्थीले पढिरहेका र दुवै जना विद्यार्थी झण्डामुनि उभिएको देखाइएको छ साथै लक्ष्मीप्रसाद देवकोटाको तस्वीर र अन्य खरायो, कछुवा र एकजोडी परेवा अनि रूखमा बाँदर झुण्डिरहेको देखाइएको छ ।

### ख  आकार

आकारका दृष्टिबाट हेर्दा मेरो नेपाली किताब भन्दा सजिलो नेपाली केही मोटो र लम्बाइ चौडाइमा पनि केही बढी रहेको छ । पल्टाएर हेर्नका लागि सहज सजिलो नेपाली माला चार रहेतापनि झोलामा राखेर बोक्नका लागि मेरो नेपाली नै उपयुक्त रहेको छ ।

### ग  कागज

दुवैमा प्रयोग भएको कागजलाई तुलनात्मक दृष्टिकोणले हेर्दा मेरो नेपालीको तुलनामा सजिलो नेपालीमा प्रयोग भएको कागज बाक्लो, सेतो र टिकाउखालको देखिन्छ भने मेरो नेपालीमा पातलो, हल्का र अलि कम बलियो खालको रहेको देखिन्छ । सजिलो नेपालीको आवरणको पृष्ठ पनि वाक्लो, बलियो र चिल्लो किसिमको छ भने मेरो नेपाली

किताबको पातलो र खस्रो किसिमको रहेको छ । कागजको प्रयोगको तुलनामा हेर्दा मेरो नेपाली भन्दा सजिलो नेपाली बढी उपयुक्त देखिन्छ ।

## घ बँधाइ र सिलाइ

दुवै पाठ्यपुस्तकमा स्टेपपिन लगाइ आवरण पृष्ठमा गमको प्रयोग गरी छोपिएको छ । पाठ्यपुस्तकलाइ बालबालिकाको स्तरअनुरूप बलियो बनाउनका लागि धागोले सिलाउनुपर्ने हुन्छ । यी दुवैमा स्टेपपिनद्वारा बाँधिएकोले बँधाइका हिसाबले दुवै एकै प्रकृतिका रहेका छन् । अझ मजबुद बनाउनका लागि दुवै पुस्तकलाई बलियो धागोले नचुट्ने गरी सिलाउनुपर्ने देखिन्छ ।

## ङ छपाइ

जुनसुकै पाठ्यपुस्तकको छपाइ स्पष्ट र सफा हुनुपर्छ । मसीको विवरण पनि सन्तुलित एकैनाशको हुनुपर्छ र शब्द-शब्द बीचको दुरी पनि ठीक मिलेको हुनुपर्छ । यसैका आधारमा विश्लेषण गर्दा मेरो नेपालीमा छपाइ सफा र शुद्ध देखिन्छ भने सजिलो नेपालीमा गाढा कालो र ठूला अक्षरहरू बनाइएको छ । अक्षरको आकार ठूलो भएको कारणले कक्षा चारका विद्यार्थीहरूका लागि सजिलो नेपाली प्रभावकारी देखिन्छ ।

## च मूल्य

प्राथमिक तहमा प्रयोग हुने यस्ता भाषा पाठ्यपुस्तकहरू सर्वसाधारण सवै वर्गहरूको पहुँचभित्र प्रयोग गर्न सक्नेगरी कम मूल्य निर्धारण गरिनु उचित हुन्छ । मेरो नेपाली सरकारी स्तरबाट प्रकाशन भएको हुनाले निःशुल्क वितरण गरिन्छ तापनि विक्रीका लागि मूल्य रु. ३७/२५ पैसा राखिएको छ । सजिलो नेपाली श्रृङ्खला निजी क्षेत्रबाट प्रकाशित भएको हुनाले मूल्य अलि बढी रु. ५५ तोकिएको छ । मूल्यको हिसावले यी दुवैको तुलना गर्दा मेरो नेपाली सर्वसाधारणको पहुँच भित्र रहने खालको छ भने सजिलो नेपाली केही महंगो किसिमको रहेको छ ।

## ४.५ निष्कर्ष

यस परिच्छेदमा पाठ्यक्रमका आधारमा मेरो नेपाली कक्षा चार र सजिलो नेपाली माला कक्षा चारलाई तुलनात्मक अध्ययन गरिएको छ । दुवै पाठ्यसामग्री पाठ्यक्रम अनुरूप निर्माण गरिएका भएतापनि दुवैमा केही कमी कमजोरी रहेका छन् । छपाइमा प्रयोग भएको कागजका दृष्टिकोणले सजिलो नेपाली उत्कृष्ट भएपनि आकारका दृष्टिकोणले मेरो नेपाली बढी उपयोगी देखिन्छ । मूल्यको तुलनामा मेरो नेपाली भन्दा

सजिलो नेपाली केही मात्रमा महङ्गो रहेको छ तर पनि दुवै नै सर्वसाधारणको पहुँचभित्र रहने देखिन्छ । बँधाइ र सिलाइ दुवैमा एकै किसिमको रहेको छ । समष्टिमा आन्तरिक र बाह्‌य दुवै पक्षलाई केलाउदा सजिलो नेपाली भन्दा मेरो नेपाली उपयुक्त देखिन्छ ।

# परिच्छेद - पाँच

## उपसंहार

नेपाली भाषा पाठ्यक्रमको आधारमा पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित मेरो नेपाली किताव कक्षा चार र पाठ्यक्रमकै आधारमा तयार पारिएको निजी स्तरमा प्रकाशित सजिलो नेपाली श्रृङ्खला भाग चारको सन्दर्भ सामग्री बीच गरिएको अध्ययन बाट निष्कर्ष र सुझाब निकालिएको छ ।

### ५.१ निष्कर्ष

क  बि.सं २०५२ मा भरत नेपाली प्याकुरेलद्वारा लेखिएको, दिवाकर ढुङ्गेलद्वारा सम्पादन गरिएको पुस्तकलाइ प्रा. डा केदारप्रसाद शर्मा, दिवाकर ढुङ्गेल, द्रोण दाहाल, गणेशप्रसाद भट्टराई, विष्णु प्रसाद अधिकारी, विष्णु घिमिरे र शोभाकर दवाडीद्वारा परिमार्जन गरिएको मेरो नेपाली कक्षा चार र डा. हेमाङ्गराज अधिकारी, लालानाथ सुवेदी, बद्रीविशाल भट्टराई र हरिप्रसाद पराजुलीद्वारा लिखित सजिलो नेपाली माला चार सामान्यत : दुवै पाठ्यविधा पाठ्यक्रम अनुरूप नै देखिन्छन् ।

ख  दुवै विधा पाठ्यक्रम भन्दा बाहिर त्यति नगएपनि दुवैमा पाठगत सङ्ख्या मेरो नेपालीमा केही कम र सजिलो नेपालीमा केही बढी रहेका छन् । दुवैले पाठ्क्रमले तोकेबमोजिम विधागत पाठहरू समावेश गर्न नसकेको देखिन्छ । कथा र प्रबन्ध सजिलो नेपालीमा केही बढी मात्रमा राखिएको छ भने पाठ्यक्रममा उल्लेख भएबमोजिम एउटा राष्ट्रिय जविनी हुनुपर्नेमा मेरो नेपालीमा समावेश नै छैन भने सजिलो नेपालीमा एउटा राष्ट्रिय जीवनी राखिएको छ ।

त्यसैगरी चिठी पनि ब्यक्तिगत र कार्यालयीय दुवै हुनुपर्नेमा सजिलो नेपालीमा एउटा मात्र रहेको छ भने मेरो नेपालीमा दुवै प्रकारको रहेको छ । त्यस्तै पाठ्यपुस्तकमा समावेश चित्रहरू मेरो नेपालीमा धेरै र साना प्रकृतिका रहेका छन् भने सजिलो नेपालीमा केही कम र ठूला आकारका दिएको छ । दुवै पाठ्यपुस्तकमा सुनाइ, बोलाइ र पढाइलाई भन्दा लेखाइमा बढी जोड दिएको पाइन्छ ।

अभ्यासको स्वरूपलाई विश्लेषण गर्दा मेरो नेपालीमा शब्द र अर्थलाई जोडा मिलाउने क्रममा दिइएको छ भने सजिलो नेपालीमा शब्दार्थलाई पढ र बुझ भनी दिइएको छ । पाठ्यक्रमले कक्षा ३ मा भन्दा ५०० नयाँ शब्द सिकाउने अपेक्षा गरेपनि मेरो नेपालीमा २१२ र सजिलो नेपालीमा २८७ ओटा सामवेश गरिएकोले दुवै पाठ्यपुस्तकमा पाठ्यक्रमको अपेक्षित लक्ष्य पूरा हुन सक्ने देखिदैन ।

मेरो नेपालीमा व्याकरणका अभ्यासहरू प्रशस्त तर अप्रत्यक्ष किसिमका रहेका छन् भने सजिलो नेपालीमा प्रत्यक्षरूपमा रहेका छन् । जसले गर्दा विद्यार्थीले सहज किसिमले बुझ्न सक्ने देखिन्छ । त्यस्तै अन्य अभ्यास दुवैमा मिल्दाजुल्दा देखिएपनि सजिलो नेपालीमा गाउँखाने कथा सम्बन्धी कुनै अभ्यास राखिएको छैन । त्यसैगरी भौतिक पक्षको तुलना गर्दा सजिलो नेपाली  स्पष्ट र विद्यार्थीहरूका लागि वढी आकर्षक देखिन्छ ।

ग  दुवै पाठ्यसामग्रीमा सुनाइ, वोलाइ र पढाइ भन्दा लेखाइ सीपमा जोड दिएको छ भने सजिलो नेपालीमा पढाइ र सुनाइलाइ केही मात्रमा अभ्यासमा जोड दिएको छ ।

घ  विधाको प्रस्तुतिका दृष्टिले दुवैमा सामान्य देखिएपनि सजिलो नेपाली माला ४ मा कथा २ र प्रबन्ध एक विधागत पाठहरु बढी दिएको छ र निवेदन एक कम दिएको छ । मेरो नेपालीमा जीवनी एक पाठ्यक्रमले तोके भन्दा कम दिएको छ ।

ङ  दुवै पाठ्यसामग्रीमा अभ्यासहरू राखिएको छ जसमध्ये चित्र वर्णनमा मेरो नेपालीमा चित्र वर्णनलाई अभ्यासमा चित्र दिएर वर्णन गर्न भनिएको छ भने सजिलो नेपालीको अभ्यासमा कम चित्र दिएर पाठकै चित्र हेरी वर्णन गर भनिएको छ ।

च  शब्द भण्डारको आधारमा ५०० नयाँ शब्द सिकाउने अपेक्षा राखेपनि मेरो नेपालीमा २१२ र सजिलो नेपालीमा २८७ ओटा नयाँ शब्द राखिएकोले पाठ्यक्रम अनुरूप निकै कम रहेकाले दुवैमा कमजोरी टड्कारो देखिन्छ ।

छ  भाषिक सीप, रचना, कौशल, भाषातत्वको विस्तारका दृष्टिले मेरो नेपाली किताव बढी उत्कृष्ट देखिन्छ ।

ज  दुवै पाठ्यसामग्रीमा लामा लामा वाक्यहरू प्रयोग गरिएका छन् । मेरो नेपालीमा २ शब्दे वाक्यदेखि २५ शब्द सम्मका वाक्य रहेका छन् भने सजिलो नेपालीमा २ शब्ददेखि १९ शब्दद्वारा संरचित वाक्य रहेका छन् । वाक्य संरचनाका दृष्टिले सजिलो नेपाली पाठ्यक्रमको नजिक देखिन्छ ।

झ  शब्द भण्डारका लागि मेरो नेपालीमा अभ्यासमा जोडा मिलाउने क्रममा दिएको छ भने सजिलो नेपालीमा पढ र बुझ भनी सोझै शब्दार्थ दिएको छ ।

ञ  सजिलो नेपालीमा ठूला अक्षर, चिल्लो कागज र बाहिर आवरण रङ्गिन र चिल्लो हुनाले मेरो नेपाली भन्दा केही आकर्षक देखिन्छ । प्रयोगका दृष्टिले मेरो नेपाली  उपयुक्त र विद्यार्थीलाई सहज हुने किसिमको रहेको देखिन्छ ।

ट  दुवै पाठ्यपुस्तकमा बालमनोविज्ञानअनुरूप विषयवस्तु चयन भएको देखिदैन ।

ठ मूल्यका दृष्टिले सजिलो नेपाली भन्दा मेरो नेपाली केही कम मूल्यको रहेको छ

ड विद्यार्थीको स्तर र रूचिअनुरूप गाउँखाने कथा, चुट्किला र हँस्यौलीको प्रयोग उचित मात्रमा हुन सकेको देखिदैन ।

ढ पाठ्यक्रमको अपेक्षित लक्ष्य बमोजिम दुवै सामग्रीमा शब्दकोश प्रयोग सम्बन्धी अभ्यास राखिएको पाइदैन ।

## ५.२ सुझावहरू

दुवै पाठ्यपुस्तक मेरो नेपाली र सजिलो नेपालीको अध्ययन र विश्लेषणबाट अध्येताले निम्न सुझावहरू निकालेको छ :-

क पाठ्यक्रम अनुरूप बनाउन र बालबालिकालाई विभिन्न पारिवारिक व्यवहारसँग परीचित गराउनका लागि मेरो नेपालीमा घर, परिवार, समुदाय, सरसफाइ, भौगोलिक अबस्थाका विषय समावेश गर्नुपर्छ । यसका साथै गाउखाने कथा र चुड्किला थप्नुपर्छ । सजिलो नेपालमिा चाडपर्व, खेलकुद, गाउँखाने कथा, चुड्किला आदिलाइ समावेश गराउनुपर्छ । दुवै पाठ्यपुस्तकको विधामा समावेश अस्तरीय शब्द हटाउनुपर्छ र विद्यार्थीको क्षमता अनुकूल हुने शब्दहरू प्रयोग गर्नुपर्छ । वाक्यहरु ९-१० शब्दले संरचित हुनुपर्छ ।

ख पाठ्यक्रमले निर्देशित गरेबमोजिम विधाहरूमा पाठसङ्ख्या सन्तुलन गराउनका लागि मेरो नेपालीमा एउटा जीवनी थप गर्नुपर्ने देखिन्छ भने सजिलो नेपालीमा २ ओटा कथा एक प्रबन्ध कम गरी एक कार्यालयीय चिठी थप्नुपर्ने देखिन्छ ।

ग चित्रहरूको तुलना गर्दा मेरो नेपाली पुस्तकमा चित्र केही ठूला र स्पष्ट बनाउनुपर्ने र सजिलो नेपालीमा केही चित्रहरू थप्नुपर्ने देखिन्छ ।

घ मेरो नेपालीमा व्याकरणात्मक अभ्यासहरू प्रत्यक्षरुपमा समावेश गर्नुपर्छ जसले गर्दा विद्यार्थीको बुझाइमा सहजता प्रदान गर्न सकिन्छ ।

ङ दुवै पाठ्यसामग्रीलाई पाठ्यक्रमअनुरूप बनाउन सुनाइ, बोलाइ र पढाइ सम्बन्धी अभ्यासमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

च पाठ्यक्रमले अपेक्षा गरेबमोजिम बनाउन दुवै पाठ्यसामग्रीमा शब्दभण्डार बृद्धि गर्न शब्द र अर्थ थप्नुपर्छ ।

छ दुवै पाठ्यसामग्रीमा पाठका आधारमा शिक्षक निर्देशन दिइनु उपयुक्त देखिन्छ ।

ज  दुवै पुस्तकका विधामा लामो शब्दमा संरचित वाक्यलाइ हटाइ ९-१० शब्दमा संरचित छोटा र छरिता वाक्य निर्माण गर्नुपर्छ ।

झ  दुवै सामग्रीका विषयसूचीमा विधा संकेत दिइनुपर्दछ ।

ञ  चित्र वर्णनका अभ्यास दुवैमा केही थप गर्नुपर्छ ।

ट  बालबालिकाको स्तरअनुसार बालमनोविज्ञान अनुरूपका बालकविता दुवैमा समावेश गर्नुपर्ने देखिन्छ ।

ठ  मेरो नेपालीको तुलनामा सजिलो नेपालीको मूल्य केही कम गर्नुपर्छ ।

ड  सजिलो नेपाली पुस्तकको वनावट केही कम वा सानो गर्नुपर्ने देखिन्छ ।

ढ  मेरो नेपाली पुस्तकको कागज बाक्लो, स्तरीय , टिकाउयोग्य र स्पष्ट हुनुपर्छ ।

# सन्दर्भ ग्रन्थसूची


क अधिकारी, हेमाङ्गराज, (२०५५), ***समसामयिक नेपाली व्याकरण*** , दो.सं काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ख अबस्थी, महादेव र ऋषिराम शर्मा, (२०५५), ***व्यावहारिक व्याकरण र अभिब्यक्ति,*** दोस्रो संस्करण, काठमाडौं : एकता बुक्स डिष्ट्रिब्युटर्स प्रा.लि ।

ग आचार्य, शर्बराज ,(२०५७), ***कक्षा १ र २ का सजिलो नेपाली माला र सरल नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन,*** स्नातकोत्तर शोधपत्र, काठमाडौ : महेन्द्र रत्न क्याम्पस ।

घ घिमिरे, प्रकाश, (२०५६), ***हाम्रो नेपाली किताब कक्षा ८ र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन,*** स्नातकोत्तर शोधपत्र, काठमाडौं : महेन्द्र रत्न क्याम्पस ।

ङ घिमिरे, वसन्तप्रसाद, (२०६६), ***कक्षा ५ को मेरो नेपाली किताब र शुभारम्भ नेपाली लहर ५ को तुलनात्मक अध्ययन,*** स्नातकोत्तर अप्रकाशित शोधपत्र, महेन्द्ररत्न क्याम्पस ।

च चापागाइँ, दीपा, (२०६३), ***कक्षा ६ को हाम्रो नेपाली र सजिलो नेपाली माला वीच***को ***तुलनात्मक अध्ययन,*** स्नातकोत्तर शोधपत्र, काठमाण्डौं : त्रिभुवन विश्य विद्यालय ।

छ ठकुरी, भोजकुमारी, (२०६३), ***हाम्रो नेपाली किताब कक्षा ६ र सजिलो नेपाली माला ६ को तुलनात्मक अध्ययन,*** स्नातकोत्तर शोधपत्र, काठमाडौं : त्रिभुवन विश्वविद्यालय ।

ज ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल, (२०६३), ***भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,*** काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

झ  दीक्षित, उषा र दिवाकर ढुङ्गेल ,(२०५३), ***मेरो नेपाली कक्षा ५,*** भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

ञ  पोखरेल, वालकृष्ण र अन्य, (२०६०), ***नेपाली बृहत् शब्दकोश,*** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

ट  पौडेल, नारायणप्रसाद, (२०५९), ***कक्षा २ को तुलनात्मक अध्ययन,*** स्नातकोत्तर शोधपत्र, काठमाडौं : त्रिभुवन विश्वविद्यालय ।

ठ  पौडेल, नेत्रप्रसाद, (२०५५), ***कक्षा ६ को हाम्रो नेपाली किताब र सरल नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन,*** स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न क्याम्पस ।

ड  भण्डारी, पारसमणि र अन्य, (२०६०), ***भाषिक अनुसन्धान विधि,*** काठमाडौं : पिनाकल पब्लिकेशन ।

ढ  लम्साल, रामचन्द्र र अन्य (२०६०), ***प्रायोगिक भाषाविज्ञान,*** काठमाडौं : भूँडिपुराण प्रकाशन ।

ण  शर्मा, केदारप्रसाद र माधबप्रसाद पौडेल, (२०६०), ***नेपाली  भाषा र साहित्य शिक्षण,*** प्रथम संस्करण) काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

त  शर्मा, चिरञ्जीवी र निर्मला शर्मा, (२०६२), ***पाठ्यक्रम योजना र अभ्यास,*** काठमाडौंः एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

थ  सुवेदी, टीकाराम, (२०५८), ***कक्षा ५ को मेरो नेपाली र सजिलो नेपाली माला ५ को तुलनात्मक अध्ययन,*** स्नातकोत्तर शोधपत्र, काठमाडौं : त्रिभुवन विश्व विद्यालय ।